स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





फूलपातीदेखि प्रदर्शनमा आएका तीन फिल्ममध्ये 'हरिबहादुरको जुत्ता'ले पहिलो दिन सबैभन्दा कम शो पाएको थियो। यसको देशव्यापी शो एक सय हाराहारी थियो। 'बलिदान' र 'माइतीघर'ले भने झन्डै साढे तीन सय शो कब्जा गरेका थिए। प्रदर्शनको एक हप्ता बित्दै गर्दा 'हरिबहादुरको जुत्ता'ले शो मा बाजी मारेको छ। सबैभन्दा धेरै शो नै यही फिल्मले पाएको छ।

**आजको विचार...**



जेन-जी...
(दुई पेजमा)

रमेश कुमार बोहोरा

निर्देशक चन्द्र पन्तको निर्देशनमा निर्माण भएको चलचित्र 'आ बाट आमा'को छायांकन २५ दिनमै सकिएको छ। छायांकन सकिएलगत्तै निर्देशक पन्तले अभिनेता पल शाहलाई अर्को चलचित्रका लागि पनि अनुबन्ध गर्नुभएको छ। निर्देशक पन्तले चलचित्रको नाम र अन्य कलाकारहरूको जानकारी केही दिनभित्र सार्वजनिक गर्ने बताए। एक महिनाको निर्धारित सेड्युल भए पनि कलाकार र प्राविधिक पक्षको मिहिनेतका कारण पाँच दिनअघि नै छायांकन सकिएको उनले जानकारी दिए।

❐ वर्ष ३१ ❐ अंक ७५ ❐ २०८२ असोज २० गते सोमबार 06 October 2025, Monday ❐ पृष्ठ संख्या ८ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### विपद्का घटनाबाट देशभर ४० को मृत्यु

**पाल्पा,** असोज १९/पछिल्लो दुई दिनमा विपद्का घटनामा परी देशभर ४० जनाको मृत्यु भएको छ । बाढीपहिरो, चट्याङ्ग तथा सवारी दुर्घटनामा परी १३ जना घाइते भएका सशस्त्र प्रहरी बल नेपालले जनाएको छ । विपद्का घटनामा परी ११ जना बेपत्ता भएका छन् । बाढीपहिरोबाट इलाम जिल्लामा मात्रै २८ जनाको मत्यु र दुई जना गम्भीर घाइते भएको सशस्त्र प्रहरीले जनाएको छ । इलामको सूर्योदय नगरपालिकामा पाँच, इलाम नगरपालिकामा छ, देउमाई नगरपालिकामा दुई, फाकफोकथुम गाउँपालिकामा एक, माङ्सेबुङ गाउँपालिकामा तीन, माइजोगमाई गाउँपालिकामा आठ र सन्दकपुर गाउँपालिकामा तीन जनाको मृत्यु भएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाल जानकारी दिए । यसैगरी बाढीपहिरोमा परी उदयपुरमा दुई, रौतहटमा तीन, रसुवामा चार र काठमाडौँमा एक जनाको मृत्यु भएको छ ।

# अकबरे खुर्सानी बिक्री गर्न बजारको समस्या छैन

**रासस**

**दमौली (तनहुँ),** असोज १९/ अकबरे खुर्सानी पिरो भए पनि यसको आम्दानीले तनहुँका कृषकको जीवन गुलियो बनाएको छ । भिमाद नगरपालिका-९ को भानुमतिका कृषकले अकबरे खुर्सानी उत्पादनबाट करिब रु ४५ लाख आम्दानी गरेका छन् । सामूहिक अकबरे खुर्सानीखेती गरेका यनका कृषकले रु ४५ लाख आम्दानी गरेका हुन् ।

मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषक समूहमार्फत यन अकबरे खुर्सानीखेती गरिएको भानुमति कृषक समूहका अध्यक्ष इमानबहादुर थापाले जानकारी दिए । यनका ३५ जना कृषक अकबरे खुर्सानीखेतीमा आबद्ध छन् । कृषक अखिल सारु मगरले यस वर्ष अकबरे खुर्सानी बिक्रीबाट सात लाख आम्दानी गरिसकेका छन् । यो पटक पनि १२ लाख आम्दानी हुने अनुमान छ । कृषक जयकुमार थापाले खुर्सानी बिक्री गरी एक लाख ५० हजार आम्दानी भएको जानकारी दिए । उनले मकै र कोदो रोप्ने बारीमा अकबरे खुर्सानी गरेको बताए । असारदेखि अकबरे खुर्सानी बजार पुऱ्याइएको उनले उल्लेख गरे । यनको कटनछाप, पाथर्दी, सखेप, पाइमे, जौपानीमा व्यक्तिगतसँगै सामूहिक अकबरे खुर्सानीखेती गरिएको छ । वडालाई अकबरेखेतीको पकेट क्षेत्र बनाउन ५० हजार बेर्ना कृषकलाई वितरण गरिएको थापाले बताए । अकबरे खुर्सानी बिक्रीबाट यनका कृषकले न्यूनतम ७० हजार आम्दानी गरेका छन् । उनले भने, "अकबरे खुर्सानीले यनका कृषकको मुहारमा खुसी ल्याएको छ ।" अकबरे खुर्सानी पिरो भए पनि यसको आम्दानीले कृषकको जीवन गुलियो बनाएको थापाको भनाइ छ । कृषि उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्न यनका स्थानीयवासी अकबरे खुर्सानीखेतीमा लागेका हुन् । उक्त खेतीबाट कृषकहरुले वार्षिक दुई लाख ५० हजार केजी खुर्सानी उत्पादन गर्ने लक्ष्य राखेका छन् । उत्पादन भएको खुर्सानी पोखरा, भिमाद, खैरेनीटारका बजारहरुमा बिक्री गरिएको छ । उनले भने, "बजारको समस्या छैन, माग धेरै छ ।" हाल बजारमा प्रतिकेजी रु तीन सयदेखि रु ५०० थोक मूल्य रहेको छ । खुर्सानीको बिरुवा उत्पादनका लागि वडा नम्बर ९ ले एक लाख अनुदान दिएको थियो ।



**छाडा पशुचौपायाको संरक्षण गरौं ।**

छाडा पशुचौपायाका कारणले:

-सडक दुर्घटनाको सम्भावना बढ्छ,

-बाली तथा बोटविरुवामा क्षति पुग्छ,

-मानिस र पशु दुबैको जीवन जोखिममा पर्छ,

-जथाभावी फोहोरमैला विसर्जन हुँदा रोग फैलिन सक्छ,

-सार्वजनिक शान्ति र सुरक्षामा अवरोध पुग्न सक्छ ।

त्यसैले,

-पशुचौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं,

-चरन क्षेत्रको व्यवस्थापन गरौं,

-सडकछेउमा पशुचौपाया नछाडौं/छाड्न नदिऔं,

-छाडा पशुचौपायाको नियन्त्रण गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# करोड खर्चेर अतिथि आवास निर्माण

**गलकोट (बागलुङ),** असोज १९/ भक्तजनको सुविधाका लागि बिहुँस्थित कोतघरमा दुई वटा अतिथि आवासगृह निर्माण गरिएको छ । बिहुँकोटबाट रोजगारीको सिलसिलामा जापान पुगेकाहरुको सहयोगमा बागलुङको काठेखोला गाउँपालिका-६ स्थित बिहुँकोत मन्दिरमा दुई पक्की आवासगृह निर्माण गरिएको हो ।

जापान समाज बिहुँकोट र बिहुँकोट समाज जापानको पहलमा विभिन्न ५१ जनाले प्रदान गरेको एक करोड रकमबाट २६ जनासम्म बस्न मिल्ने अतिथि आवासगृह निर्माण गरिएको बिहुँकोट समाज जापान तथा अतिथि आवासगृह निर्माणका संयोजक दीपक कँडेलले जानकारी दिए । तल्लो र उपल्लो दुई कोतघरमै दुई पक्की अतिथि अवासगृह निर्माण गरेर फूलपातीको दिन हस्तान्तरण गरिएको कँडेलले बताए । उनले हालसम्म एक



करोड १० लाख रकम सङ्कलन भइसकेको र कोतघरमा अन्य पूर्वाधारको कामसमेत हुने बताए । दुई अतिथि आवास निर्माणमा भने एक करोड खर्च भइसकेको बताए । रोजगारीको सिलसिलामा जापानमा रहेका बिहुँकोट निवासीबाट सङ्कलन भएको रकमबाट बिहुँकोत मन्दिरमा विभिन्न पूर्वाधार निर्माणसँगै फुलपाती मेलाको आयोजना गरिन थालेको जापान समाज बिहुँकोटका अध्यक्ष नारायणप्रसाद कँडेले बताए । उनले बिहुँकोटमा आउने भक्तजनलाई खाना र बस्नको व्यवस्थापनका लागि आवासगृह निर्माण गरिएको बताए । उनले प्रचारप्रसारको अभावमा ओझेलमा परेको बिहुँकोत मन्दिरलाई उजागर गर्ने पूर्वाधार निर्माण गर्ने लगायतका काम जापानमा बस्ने बिहुँकोट निवासीबाट भइरहेको बताए । तीन वर्षयता शौचालय, तारबार, सडक ढलान, खानेपानी, पदमार्ग र प्रवेशद्वार जस्ता पूर्वाधार निर्माणको काममा बिहुँकोट समाज जापान सक्रिय रहेको छ । फुलफातीका दिन रु एक करोड लागतमा निर्माण भएको अतिथि आवासगृहको उद्घाटन बिहुँकोट समाज जापानका संरक्षक तथा समाजसेवी दीपक सुवेदीले गरेका थिए । सुवेदीले भक्तजनको सुविधाका लागि एकसाथ दुई आवासगृह निर्माण गरिएको जनाउँदै बिहुँकोत मन्दिरको प्रचारप्रसार प्रचारको कमी भएको बताए । उनले कोतघरले धार्मिक पर्यटक भित्र्याउने सम्भावना देखेर लगानी गरेको बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विपद् न्यूनिकरणका लागि सामूहिक प्रयास

नेपालीहरुको महान पर्व वडादशैंको शुभारम्भ सँगै समापन हुने बेला सम्म पनि एक साता देखि देशका बिभिन्न स्थानमा परेको बर्षाका कारण अत्यान्तै ठुलो धनजनको क्षति भएको छ । निरन्तर झरीका कारण आकाश रित्तिएला जस्तो वर्षासँगै पहाडहरु खल्किएका छन् । तराई डुवानले चुर्लुम्म छन् । खेतहरु डुवे, सडक छिया छिया भएका छन्, पुलहरु भाँसिएका छन् । गाउँ र शहरका कतिपय वस्तिहरु पहिरोले पुरिए र वाढीका कारण डुवानमा परे । सरकारले कडाइका साथ सर्तकता अपनाएका कारण तुलनात्मक रुपमा मानवीय र भौतिक क्षति भने कम हो ।

चितवनदेखि सिन्धुपाल्चोक,रामेछाप, मकवानपुर र नुवाकोटसम्म वर्षाले आक्रोश पोख्यो । नदी–खोला उफ्रिए, बस्ती बिस्थापित भए । सयौं परिवार रातारात घरबास बिहीन बने, धानबाली र तरकारी बगाएर किसानलाई ऋणमाथि थप बोझ थपियो । यो केवल प्राकृतिक प्रकोप थिएन, यो हाम्रो तयारीको कमजोरीको कठोर स्मरण पनि हो । विपतका पुर्वानुमानलाई आँकलन गरेर हामीले क्षति न्यून गर्ने बिषयमा वातावरणीय सन्तुलनलाई कायम राख्न सकेनौ, हामीले प्रकृतिको दोहन गर्ने कार्य रोकेनौ भने यस्ता प्रकोपहरु वर्षेनी भई रहन्छन् भन्ने कुरालाई ध्यानमा राख्नुपर्ने हाम्रो सामुहिक दायित्वलाई कहिल्यै पनि विर्सनु हुदैन । हरेक वर्ष पानी पर्नु मात्र होइन, पानीसँगै बाढी र पहिरो आउँछ, भन्ने कुरा हामीले थाहा पाएर पनि पूर्वतयारीका पक्षमा हामी अझै असहाय देखिन्छौं । सरकारले उद्धार सामग्री पठायो, स्थानीय तहले पीडितलाई अस्थायी आवास र खाद्यान्न उपलब्ध गराए, तर मूलसमस्या समाधानतर्फ ठोस कदम चाल्ने अवस्था अझै बनेको छैन् ।

मौसम पूर्वानुमान प्रणाली अझै कमजोर छ, जोखिमग्रस्त बस्ती सार्ने नीति कागजमै छ, र नदी–खोला व्यवस्थापनका योजना बजेट अभावमा थाती छन् । अब सरकारले केवल राहत बाँडेर जिम्मेवारी टार्ने होइन, दीर्घकालीन दृष्टिकोण र योजनाद्ध सोंच बनाउनुपर्ने हुन्छ । पहिरो जोखिम क्षेत्रमा बसोबास गरिरहेकाहरूलाई सुरक्षित ठाउँमा सार्ने, पहाडी सडक निर्माणमा वैज्ञानिक प्रविधि,जैविक विविधताका साथै वातावरणीय संरक्षणमा ध्यानुपर्ने हुन्छ । यसका लागि सरकारको मात्रै मुख ताकेर मात्रै हुदैन्, हामी सबैको सामुहिक प्रयास आवश्यक छ । नदी तटीय संरक्षण बलियो बनाउने, मौसम पूर्वानुमान र चेतावनी प्रणालीलाई आधुनिक उपकरण सहित ग्रामीणस्तरमा पुऱ्याउने कार्य गर्न अब ढिला गर्न हुदैन । अनि मात्र प्राकृतिक प्रकोपबाट वच्न सकिन्छ, सुरक्षित समाज निर्माणमा सहयोगी बन्न सक्छौ ।

## Opinion @ Social Network

रिस्लाई रोक्न सिक्नुस पिडालाई भोग्न सिक्नुस
समयलाई बुझ्न सिक्नुस गल्तिमा झुक्न सिक्नुस
बाकी कुरा सिकाउनेहरु त हरेक पाईलामा भेटिन्छन् यहाँ ।

*(शान्ता ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.123)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जेन–जी आन्दोलनपछि राजनीतिक स्थायित्वको खोज



**रमेश कुमार बोहोरा**

नेपालको राजनीतिक अस्थिरता झण्डै दुई दशकदेखि निरन्तर चलिरहेको छ । २०७२ सालमा संविधान जारी भए पनि त्यसको कार्यान्वयनका क्रममा उठेका विवाद, राजनीतिक अस्थिरता र जनस्तरमा देखिएको असन्तुष्टि अहिले फेरि तीव्र बनेको छ । संविधानले प्रदान गरेको अधिकार, संरचना र मूल्यका विषयमा राजनीतिक दलको असहमति र नेतृत्वको अस्थिरताले जनतामा गहिरो निराशा थपेको छ । भदौ २३ र २४ गते देशभरि उर्लिएको जेन-जी आन्दोलन त्यसको प्रत्यक्ष संकेत हो । युवापुस्ताको आक्रोश र असन्तोषले देशलाई गम्भीर राजनीतिक भुमरीमा ल्याएको छ । आन्दोलनको प्रारम्भिक माग भ्रष्टाचार नियन्त्रण, सरकारी कार्यशैलीमा पारदर्शिता र प्रशासनिक सरलीकरण थियो । तर आन्दोलन विस्तारै संवैधानिक संरचना र राजनीतिक संस्कारमै प्रहार गर्ने दिशामा उन्मुख भयो । सार्वजनिक सम्पत्तिमा आक्रमण, आगजनी र तोडफोडले अर्थतन्त्रलाई ठूलो धक्का पुगे पनि नागरिक समाज र विश्लेषकहरूले यसलाई केवल आक्रोशको विस्फोट होइन संवैधानिक विमर्शको संकेतको रूपमा लिएका छन् । नेपालको संविधान लोकतान्त्रिक मूल्यमा आधारित रहे पनि यसको कार्यान्वयनले बारम्बार प्रश्न खडा गरेको छ ।

संसद, कार्यपालिका, संघीय संरचना, संवैधानिक निकाय र न्यायपालिकाको भूमिकाप्रति जनतामा विश्वासको कमी देखिनु यसको प्रमुख उदाहरण हो । राजनीतिक दलहरूले संवैधानिक प्रावधानलाई आफूअनुकूल प्रयोग गरेको, शक्ति सन्तुलनभन्दा पद र भागबन्डामा ध्यान केन्द्रित गरेको आरोप बलियो छ । यही कारण अहिले संविधान संशोधनको बहस पुन: चर्किएको छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको माग, गैरसांसद मन्त्रीको सम्भावना, प्रदेश सरकारको आवश्यकता, संवैधानिक नियुक्तिमा पारदर्शिता र न्यायपालिकाको स्वतन्त्रता यी पाँच मुद्दा अहिलेको राजनीतिक बहसको केन्द्रमा छन् । तर समाधानको बाटो संविधानका शब्दमा मात्रै सीमित छैनल । राजनीतिक संस्कारमा सुधार र नेतृत्वको इमानदारिता नै मूल प्रश्न हो । हालको संसदीय प्रणालीले प्रधानमन्त्रीलाई संसदको बहुमतमा आधारित बनाउँछ । दलको संसदीय दलको नेता वा बहुमत जुटाउन सक्षम सांसद प्रधानमन्त्री हुन्छन् । यो व्यवस्था जनप्रतिनिधित्वको आधारमा बनेको भए पनि राजनीतिक अस्थिरताले जनतामा निराशा छाएको छ । २०७२ सालदेखि आजसम्म सरकारले बारम्बार परिवर्तन भोगेको तथ्य यसलाई पुष्टि गर्छ । सुशील कोइरालादेखि केपी शर्मा ओलीसम्म र त्यसपछि आएका सरकारसम्म प्रधानमन्त्रीको सिट निरन्तर बदलिँदै गयो । मन्त्रिपरिषद् फेरबदलको संख्या अझै बढी रह्यो जसले नीति, नियम र सेवा वितरणमा निरन्तरता देखाएन जनताले राजनीतिक स्थिरताको अभाव मात्र होइन, नीतिगत अस्थिरता पनि भोगिरहेका छन् । योजनाहरू अधूरा छन् प्राथमिकताहरू बदलिँदै जान्छन् र नागरिकमा विश्वासको संकट गहिरिँदै गएका छन् । यही कारण प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको माग उठ्दै आएको हो । नागरिकलाई ठोस निर्णय लिने र नीति निरन्तरता दिने शक्तिशाली कार्यकारीको आवश्यकता महसुस भइरहेको छ । तर प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री कुनै रामबाण हो भन्ने ग्यारेन्टी छैन । स्थानीय तहमा प्रमुख वा अध्यक्ष प्रत्यक्ष निर्वाचित हुने व्यवस्था छ । तर धेरै स्थानमा लोकप्रियतावादको आडमा व्यक्तिगत प्रभुत्व जमाउने प्रवृत्ति देखिएको छ । विश्वका उदाहरणले पनि प्रत्यक्ष निर्वाचित कार्यकारी एकपटक सत्तामा पुगेपछि उसलाई हटाउन कठिन हुने देखाउँछन् । नेपालजस्तो भू-राजनीतिक रूपमा संवेदनशील देशमा कुनै कार्यकारीले विदेशी शक्तिको पक्षपोषण गरेमा त्यसलाई नियन्त्रण गर्न संसदसँग सीमित औजार मात्र रहनेछ । यो जोखिमलाई नजरअन्दाज गर्न सकिँदैन समस्या प्रणालीमा मात्र होइन नेतृत्वको सोच, सक्षमता र नैतिकतामा पनि छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी प्रत्यक्ष निर्वाचित नभए पनि स्थिर सरकार सञ्चालन गरिरहेका छन् । यसैले प्रत्यक्ष निर्वाचित प्रणाली ल्याउने कि नल्याउने भन्दा पनि जनप्रतिनिधिको जवाफदेहिता, इमानदारिता र राजनीतिक प्रतिबद्धता सुनिश्चित गर्नु नै प्राथमिकताको विषय हो । अर्को बहस गैरसांसदलाई मन्त्री बनाउने हो कि होइन भन्नेमा केन्द्रित छ । हालको प्रावधानअनुसार मन्त्री बन्न संसदको सदस्य हुनु आवश्यक छ । यसले कार्यपालिका र व्यवस्थापिकाबीच घनिष्ठ सम्बन्ध कायम राख्छ तर यो घनिष्ठता कहिलेकाहीं अस्वस्थ प्रतिस्पर्धामा बदलिन्छ । सांसदहरू मन्त्री बन्ने आकांक्षामा केन्द्रित हुन्छन् जसले नीति निर्माणभन्दा पनि सत्ता समीकरणलाई प्राथमिकता दिन्छ । प्रधानमन्त्रीले पनि पद सुरक्षित राख्न मन्त्रालय वितरणको खेल खेल्छन् । यसले पेशागत दक्षताभन्दा पनि राजनीतिक समीकरणलाई बढावा दिएको छ । यदि गैरसांसदलाई मन्त्री बनाउन सकिने व्यवस्था भए प्रधानमन्त्रीले पार्टीभित्रको दबाबभन्दा बाहिर गएर विषयविज्ञ र इमानदार व्यक्तिलाई मन्त्री बनाउन सक्थे । यसले नीति कार्यान्वयनमा पेशागत दक्षता ल्याउन सक्थ्यो । संसदले सरकारको निगरानी गर्ने अधिकार भने यथावत रहने थियो । तर संसदसँग प्रत्यक्ष सम्पर्क नभएका मन्त्रीहरूले नीतिगत कार्यान्वयनमा कठिनाइ भोग्न सक्ने जोखिम पनि छ । राजनीतिक वैधतामा प्रश्न उठ्न सक्ने भएकाले यस्तो प्रणालीलाई पाइलट प्रोजेक्टको रूपमा परीक्षण गरेर मात्र अगाडि बढाउनु उपयुक्त देखिन्छ । अर्को बहस प्रदेश सरकारको खारेजी वा सुधारमा छ । २०७२ सालको संविधानले संघ, प्रदेश र स्थानीय तहमा सरकार गठनको व्यवस्था गर्दै शक्ति विकेन्द्रीकरणको बाटो समातेको हो । तर पछिल्ला वर्षहरूमा प्रदेश सरकारलाई अनावश्यक खर्चिलो संरचनाको रूपमा चित्रण गर्ने प्रवृत्ति बढेको छ । सरकार बनाउने र गिराउने खेल, मन्त्री बन्ने होड, मन्त्रालयको अस्वाभाविक विस्तार र स्रोतको दुरुपयोगले जनस्तरमा असन्तोष बढेको छ । कतिपयले प्रदेश सरकारलाई केन्द्रको नक्कल मात्र देख्छन् । प्रदेश खारेज गर्नु औंलामा घाउ लाग्दा हात काट्ने जस्तै हो । संघीयता ल्याउनुको मुख्य उद्देश्य सिंहदरबार केन्द्रित शासनको अन्त्य र जनतालाई नजिकबाट सेवा पुऱ्याउनु हो । कर्णाली वा सुदूरपश्चिमका जनप्रतिनिधिले बजेट माग गर्न काठमाडौं धाउनुपर्ने अवस्था संघीयता आएपछि कम भएको छ । संघीयता खारेज गर्नु भन्दा सुधार गर्नु आवश्यक छ । प्रदेश मन्त्रिपरिषद्को आकार सीमित गर्ने, मन्त्रालयलाई प्रदेशको विशेषता अनुसार मात्र राख्ने, खर्च नियन्त्रण गर्ने जस्ता संवैधानिक सुधार जरुरी छन् । समस्या संघीयताको अवधारणामा होइन, त्यसको कार्यान्वयनमा देखिएको कमजोरीमा छ । अर्को मुद्दा संवैधानिक नियुक्तिमा पारदर्शिता हो । निर्वाचन आयोगदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्मका निकाय लोकतान्त्रिक शासनका मेरुदण्ड हुन् । तर नियुक्ति प्रक्रियामा दलगत भागबन्डा, शक्ति सन्तुलन र राजनीतिक निकटतालाई आधार मानेर नियुक्ति हुने आरोप बलियो छ । तत्कालीन ओली सरकारले अध्यादेशमार्फत ५२ जना संवैधानिक पदाधिकारी नियुक्त गर्दा उठेको विवाद यसको उदाहरण हो । योग्य व्यक्तिलाई पाखा लगाएर दल नजिकका अनुहारलाई प्राथमिकता दिइएको धारणा छ । यस्ता विवादले संस्थाको विश्वसनीयता मात्र होइन लोकतान्त्रिक शासनको मेरुदण्ड कमजोर पार्छ । त्यसैले नियुक्ति प्रक्रियामा स्पष्ट मापदण्ड, सार्वजनिक सुनुवाइ र योग्यताको प्रमाणित आधारलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । योग्य व्यक्तिलाई नेतृत्वमा ल्याउने र नागरिकको विश्वास पुन:स्थापित गर्ने यही बाटो हो । अर्को बहस न्यायपालिकाको स्वतन्त्रतासँग सम्बन्धित छ । संविधानले न्यायपालिकालाई लोकतान्त्रिक शासनको मेरुदण्डका रूपमा मान्यता दिएको भए पनि पछिल्ला वर्षहरूमा न्यायपालिका नै सर्वाधिक आलोचनाको केन्द्र बनेको छ । विवादास्पद फैसला, ढिलो न्याय र राजनीतिक प्रभावमा नियुक्त भएका न्यायाधीशहरूको कार्यशैलीले न्यायपालिकाको विश्वसनीयता कमजोर बनाएको छ । न्यायाधीश नियुक्तिमा दलगत सन्तुलन र व्यक्तिगत निकटतालाई प्राथमिकता दिइनु न्यायको गुणस्तरमा प्रत्यक्ष असर पार्छ । यसलाई रोक्न न्याय परिषद्को संरचना र कार्यशैलीमा सुधार अनिवार्य छ । भारतको कलेजियम प्रणाली जस्ता तुलनात्मक अभ्यासबाट सिकेर राजनीतिक हस्तक्षेप हटाउने व्यवस्था आवश्यक देखिन्छल। न्यायिक निर्णयमा समयबद्धता र गुणस्तर सुनिश्चित नगरेसम्म नागरिकले अन्य राज्य अंगमा भरोसा राख्न सक्दैनन् । जेन-जी आन्दोलनले देखाएको असन्तोष केवल तत्कालीन घटनामा सीमित छैन । यो नेपालको संवैधानिक अभ्यास र राजनीतिक संस्कृतिको गहिरो समस्या हो । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको बहस होस् वा गैरसांसद मन्त्रीको सम्भावना, प्रदेश सरकारको सुधार होस् वा संवैधानिक नियुक्ति र न्यायपालिकाको स्वतन्त्रता यी सबैको समाधान केवल संविधान संशोधनले मात्र सम्भव हुँदैन । मूल समस्या राजनीतिक नेतृत्वको निष्ठा, इमानदारिता र जवाफदेहितामा छ । अस्थिरता, पदलोलुपता र भागबन्डाको संस्कृतिले कुनै पनि संरचना कमजोर पार्छ । त्यसैले संवैधानिक सुधारसँगै राजनीतिक संस्कारको सुधार अपरिहार्य छ । नेपाल जस्तो बहु-विविधतायुक्त देशमा स्थायित्व ल्याउने उपाय संरचना खारेज वा प्रतिस्थापन मात्र होइन, संस्थागत अभ्यासलाई सुदृढ बनाउनु हो । संसद, कार्यपालिका, संघीय संरचना, संवैधानिक निकाय र न्यायपालिका सबैले आफ्नो अधिकार र दायित्व इमानदारीपूर्वक निर्वाह गरे मात्र लोकतन्त्र बलियो हुन्छ । आजको मूल प्रश्न संविधानको प्रावधान होइन, संविधानप्रति राजनीतिक नेतृत्वको निष्ठा हो । आगामी यात्रामा नेपालको लोकतान्त्रिक स्थायित्व र राजनीतिक संस्कार दुवैमा सुधार गर्ने साहसिक निर्णय लिनु अपरिहार्य छ । नागरिकको आक्रोशले चेतावनी दिइसकेको छ संविधानको अक्षरलाई मात्र होइन यसको आत्मालाई सम्मान नगरेसम्म स्थिरता र समृद्धिको सपना अधुरै रहन्छ । नेपालको संविधान संशोधनको बहसले सतहमा उठाएका विषयहरू गहिरो छन् । प्रत्यक्ष निर्वाचित कार्यकारीको सम्भावना, गैरसांसद मन्त्रीको सवाल, प्रदेश सरकारको भविष्य, संवैधानिक निकायको नियुक्ति प्रक्रिया र न्यायपालिकाको स्वतन्त्रता यी सबैको जड राजनीतिक चरित्रमै छ । संविधानको आत्मा केवल कागजी प्रावधान होइन कार्यान्वयनको इमानदार अभ्यास हो । नेतृत्वले जनतालाई जवाफदेही र नीतिगत स्थिरता दिन सक्ने हो भने संविधानको संरचना आफैं बलियो बन्न सक्छ । नभए फेरि जुनसुकै संशोधन पनि असफल हुनेछ । जेन-जी आन्दोलनले दिएको चेतावनी यही हो सत्ता खेलभन्दा माथि उठेर देशको भविष्यका लागि इमानदार निर्णय लिनु नेतृत्वको पहिलो कर्तव्य हो ।

***(बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुन्)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : सकेसम्म यात्रा नगर्नुहोला। कामको विशेष व्यक्तिसँग भेटघाट का योग छन्।

**वृष** : नयाँ कार्यप्रति जिम्मेवारी बढ्नेछ। आत्मविश्वासमा वृद्धि हुनेछ।

**मिथुन** : मेहनतको फल प्राप्त हुनेछ । धन र विद्या आर्जन गर्न सकिनेछ ।

**कर्कट** : कार्यक्षेत्रमा नयाँ अवसरहरू आउनेछ । स्वास्थ्यमा ध्यान दिनुहोला ।

**सिंह** : साथीसँग भेटघाटले मन उत्साहित रहनेछ। अरुको लागि श्रम खर्च गर्नुपर्ला।

**कन्या** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। स्वास्थ्यलाई लिएर ध्यान दिनुहोस्।

**तुला** : धर्म कर्ममा रुचि बढ्नेछ। विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ।

**वृश्चिक** : कार्यको प्रशंसा हुनेछ। दाम्पत्य जीवन र प्रेम सम्बन्ध सुमधुर रहनेछ।

**धनु** : आयआर्जनका नयाँ स्रोतहरू निर्माण हुनेछन्। आर्थिक पक्ष सबल रहनेछ ।

**मकर** : व्यापारमा लाभ रहनेछ । राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ ।

**कुम्भ** : समाजमा मान प्रतिष्ठा बढ्नेछ। व्यवसायमा मनग्य लाभ प्राप्त हुनेछ।

**मीन** : वैदेशिक रोजगारबाट लाभ मिल्नेछ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ।

# शिक्षा

# दशैं बिदालाई सिर्जनात्मक बनाउँदै शिक्षक




वडादसैँको चहलपहल गाउँघर तथा सहर सबैतिर छाएको छ । विद्यालयमासमेत दसैँ तथा दिपावली गरी एक महिना बिदा छ । यतिबेला बिदाको समयलाई सदुपयोग गर्न शिक्षकहरु करेसाबारीमा काम गर्ने, लामो समयपछिका योजना गर्ने काममा व्यस्त देखिन्छन् । एक महिनाको लामो बिदालाई सदुपयोग गर्न र उत्पादनमूलक बनाउन कैलालीका शिक्षकहरु विभिन्न काममा व्यस्त देखिन्छन् । हिमालय मावि घियाका प्रधानाध्यापक बुद्धिराम चौधरी एक महिनाको बिदामा करेशाबारीमा काम गर्ने, विभिन्न जीवनपयोगी पुस्तक पढेर समय बिताउने योजनामा छन् । 'अघिपछि भनेजस्तो समय पाइदैन, यो समय धानबाली स्याहार्ने र तरकारी रोप्ने समय हो, खेतबारीमा व्यस्त हुनेछु', उनले भने, 'त्यसबाहेक नयाँ पुस्तकहरु पढ्ने तयारी छ । साँझ बिहान अध्ययनका लागि समय छुट्याएको छु ।' पद्मा आधारभूत विद्यालयका प्रधानाध्यापक जङ्गबहादुर चौधरी बिदालगत्तै विभिन्न तरकारीका बेर्ना उत्पादन गर्ने र बिक्री गर्ने काममा व्यस्त छन् । उहाँका बारीमा विभिन्न तरकारीका बेर्ना बारीभरि देख्न सकिन्छ । 'मैले विगतदेखि नै तरकारीका बेर्ना उत्पादन र बिक्रीको काम गर्दै आएको छु', उनले भने, 'यो एक महिना मेरा लागि पर्याप्त समय हो । यो समयमा तरकारीका बेर्ना बिक्री पनि राम्रो हुन्छ । कालिका आधारभूत विद्यालय चौगुर्दीका प्रधानाध्यापक कम्मानसिंह बोहराले बिदालाई विद्यार्थीको सिकाइसँगै बिताउने योजना बनाएका छन्। उनले हरेक आइतबारका दिन कक्षा ४ र ५ का विद्यार्थीलाई विद्यालयमा पढ्न बोलाएका छन् । 'घरमा बस्दा विद्यार्थी पढाएका कुरा बिर्सने भएकाले पुनर्ताजकी भइराखोस् भन्ने उद्देश्यले सातामा एक दिन विद्यार्थीलाई बोलाउने गरेको छु', उनले भने, 'नभए साना कक्षाका बालबालिका पछि सबै बिर्सिएर आउने समस्या हुन्छ । एक साताका लागि गृहकार्य दिने, पढेर आएका कुरा पुनरावलोक गर्ने गरेको छु ।' जनप्रकाश आधारभूत विद्यालय बाघमाराका प्रधानाध्यापक रघुनाथ उपाध्याय पनि नियमित अभ्याससँगै करेसाबारी निर्माण गर्ने, विभिन्न हिउँदे तरकारी उत्पादन गर्ने योजनामा छन् । खाली समयलाई सही सदुपयोग र उत्पादनमूलक बनाउन अधिकांश शिक्षकहरु करेसाबारी निर्माण र तरकारी उत्पादनमा लाग्ने गरेका छन् । यसरी खाली समयलाई सही सदुपयोग गर्न सके व्यस्त हुनुका साथै अन्य विविध लाभ लिन सकिने टीकापुरका शिक्षा अधिकृत नरेश अवस्थीको भनाइ छ । -रासस

# शिक्षामन्त्रीलाई विद्यालय कर्मचारीको ध्यानाकर्षण



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री महावीर पुनसमक्ष नेपाल विद्यालय कर्मचारी परिषद्ले सामुदायिक विद्यालय कर्मचारीलाई दरबन्दीमा राख्नुपर्ने लगायत माग प्रस्तुत गरेको छ । परिषद्ले विद्यालय कर्मचारीका लामो समयदेखि थाँती रहेको समस्या र विगतमा सरकारसँग भएका सहमतिका आधारमा उचित सम्बोधनका लागि शिक्षामन्त्री पुनलाई आइतबार केशरमहलस्थित मन्त्रालयमा भेटेर आग्रह गरेको जनाइएको छ । परिषद्का केन्द्रीय अध्यक्ष गङ्गाराम तिवारीले शिक्षामन्त्री पुनले आफूलाई विद्यालय कर्मचारीका समस्या थाहा भएको र चाडपर्वपछि आपसमा बसेर के सम्बोधन गर्न सकिन्छ गरौँला भन्ने आश्वासन दिएको जानकारी दिए । मन्त्री पुनले वर्तमान सरकार निर्वाचन गराउने मुख्य दायित्वका साथ आएकाले धेरै अपेक्षा नगर्न पनि आग्रह गरेका थिए । परिषद्का बागमती प्रदेश कमिटीका अध्यक्ष रामशरण फुयाँलले प्रत्येक सामुदायिक विद्यालयमा एक कम्प्युटर शिक्षकको दरबन्दी राख्न शिक्षामन्त्री पुनको हालैको निर्देशनलाई सकारात्मक मान्दै कम्प्युटरमा क्षमतावान लेखापाललाई नै उक्त दरबन्दीमा रूपान्तरण गर्न सकिने सुझाव मन्त्री पुनलाई दिइएको बताए । प्रदेश अध्यक्ष फुयाँलले त्यति रकमले कसरी ती कर्मचारीले परिवार पाल्ने भन्ने विषयमा गम्भीर भएर सोच्न मन्त्रालयलाई ध्यानाकर्षण गराइएको बताए ।

सर्वोच्च अदालतको २०६७ माघ २३ को आदेशमा कर्मचारीको सेवा, सर्त, सुविधा उल्लेख गरी सर्भिस ल बनाइ कार्यान्वयन गर्न उल्लेख गरिए पनि हाल विद्यालयका लेखापालले मासिक १५ हजार र कार्यालय सहायकले १० हजार पाउँदै आएका छन् । सँघ संसद्मा विचाराधीन रहेको विद्यालय शिक्षा विधेयकमा विद्यालय कर्मचारीलगायतका समस्या सम्बोधनको पहल गरिएको भए पनि प्रतिनिधिसभाको विघटन भएकाले अहिले कानुन बन्ने स्थिति छैन । -रासस

# पाँच महिनामा शिक्षा सुधारतर्फ गर्न सकिने काम



वर्तमान चुनावी सरकारले पाएको कार्यावधि छोटो छ । संविधानको व्यवस्था अनुसार ६ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गराउनुपर्ने बाध्यताका कारण शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दीर्घकालीन कानुन निर्माण, पाठ्यक्रम परिमार्जन वा संरचनागत ठूलो परिवर्तन तत्काल गर्न सक्ने अवस्था छैन । ज्ञान र आविष्कारमा जीवन समर्पण गर्नुभएका महावीर पुन शिक्षामन्त्री बन्नुभएकाले छोटो अवधिमै पनि शिक्षामा सुधार गर्ने अवसर प्रशस्त छन् । यो अवधिमा केही नमुना कार्यक्रम र उदाहरणीय अभ्यास सुरु गर्ने अवसर मन्त्रालयलाई छ, जसले दीर्घकालीन सुधारको जग बसाल्ने मात्र होइन, आगामी सरकारलाई अनुकरणीय नमुना पनि दिनेछ । शिक्षामन्त्रीले 'शिक्षा, विज्ञान तथा प्रविधिको क्षेत्रमा पाँच महिनामा गर्न सकिने र गर्नैपर्ने काम र विचार भए पठाउनुहोस्' भनेर सुझाव माग्नु सकारात्मक पहल हो । यसले शिक्षा सुधारका लागि छलफल र संवादको बाटो खोलिदिएको छ । सञ्चार र प्रविधिका क्षेत्रमा अध्ययन-अनुसन्धान र काम गरेको शिक्षामन्त्रीको पृष्ठभूमि भएकाले विद्यालयमा प्रविधिको प्रयोग, डिजिटल शिक्षण र प्रविधिमैत्री व्यवस्थापनलाई उहाँले विशेष प्राथमिकता दिन सक्ने अपेक्षा गर्न सकिन्छ । शपथ ग्रहणलगत्तै विज्ञसँग सुझाव लिएर अघि बढ्ने उहाँको धारणा पनि सार्वजनिक भएकाले छोटो अवधिमै व्यावहारिक र दीर्घकालीन असर पार्ने सुधार सुरु हुने विश्वास गर्न सकिन्छ ।

**सार्वजनिक र निजीबिचको असमानता**

नेपालमा विशेष गरी ग्रामीण क्षेत्रमा रहेका सरकारी विद्यालयको गुणस्तर जहिल्यै गम्भीर प्रश्न बनेको छ । सम्पन्न र उच्च ओहोदाका अभिभावकका छोराछोरी निजी विद्यालयमा अन्तर्राष्ट्रिय स्तरको सुविधासहितको शिक्षा प्राप्त गरिरहेका छन् तर ग्रामीण सरकारी विद्यालयमा अझै आधारभूत पूर्वाधार, शिक्षक र आवश्यक सामग्रीको अभाव छ । यस कारण त्यहाँ अध्ययन गर्ने विद्यार्थीले सहरी र निजी विद्यालयका साथीसँग प्रतिस्पर्धा गर्न सक्दैनन् । परिणामस्वरूप आर्थिक रूपमा विपन्न अभिभावक निराश छन् भने उज्ज्वल भविष्यको अपेक्षा बोकेका विद्यार्थी नेपालमा उपलब्ध सीमित अवसरबाट वञ्चित भइरहेका छन् । यस्तै असमानता जेन-जी आन्दोलनको पनि एउटा महत्वपूर्ण एजेन्डा हो ।

**शिक्षकका मागको सम्बोधन**

शिक्षा सुधारको अर्को प्रमुख चुनौती शिक्षकको असन्तुष्टि हो । शिक्षकलाई शैक्षिक प्रणालीको मेरुदण्ड मानिन्छ र उनीहरूको उत्साहविना सुधारका प्रयास सफल हुन सक्दैनन् । अस्थायी शिक्षकलाई स्थायीकरण, पदोन्नति प्रक्रियामा सुधार, पदानुक्रम र संरचना परिमार्जनजस्ता माग शिक्षकले राखेका छन् । आन्दोलन गरी अघिल्लो सरकारसँग वार्ता गरेका शिक्षकका माग पूरा गर्नेतर्फ सरकार अग्रसर देखिएन भने सुधारका प्रयास प्रभावकारी हुन सक्दैनन् । शिक्षकका सबै माग पूरा गर्ने अवस्था अहिले नभए पनि वर्तमान सरकारले कम्तीमा शिक्षकसँग संवाद गर्दै मागमा उचित सम्बोधनको सुरुवात गर्न सक्छ । यस्ता संवादमार्फत माग सम्बोधनको स्पष्ट खाका तयार पार्न सकेमा यसले शिक्षकमा विश्वास जगाउँछ । यही विश्वास जगाउन अघिल्लो सरकार असफल भएको थियो ।

**जेन-जीसँग सहकार्य**

शिक्षामन्त्रीको अध्ययन, अनुसन्धान र अनुभवलाई अब पुँजीका रूपमा लिन सकिन्छ । विद्यालयमा डिजिटल उपकरणको प्रयोग विस्तार गर्ने, शिक्षक-विद्यार्थीलाई अनलाइन सामग्री उपलब्ध गराउने, स्मार्ट कक्षाकोठा स्थापना गर्नेजस्ता काम सुरु गर्न सकिन्छ । सरकारी विद्यालयमा न्यूनतम इन्टरनेट सुविधा सुनिश्चित गर्न सके डिजिटल शिक्षा प्रवर्धन गर्न सजिलो हुन्छ । यस काममा जेन-जी युवालाई विद्यालयसँग जोडेर सहकार्य गर्न सकिन्छ । उनीहरू प्रविधिमा दक्ष भएकाले विद्यालयमा डिजिटल कक्षा सञ्चालन, नयाँ सामग्रीको प्रयोग र अतिरिक्त गतिविधिमा सहयोगी बन्न सक्छन् । यसका लागि विद्यालय व्यवस्थापन समितिमा जेन-जीको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्न सकिन्छ । उनीहरूको पारदर्शिता र जवाफदेहिताका लागि उठ्ने आवाजले विद्यालयलाई मर्यादित र उत्तरदायी बनाउनेछ । अर्को पहलका रूपमा सबै विद्यालयमा कम्तीमा एकजना कम्प्युटर शिक्षक नियुक्त गर्ने निर्णय कार्यान्वयन गर्दा त्यसमा जेन-जी युवालाई आरक्षण कायम गर्न सकिन्छ । उनीहरूको नेतृत्वमा अनलाइन कक्षा, डिजिटल पुस्तकालय र भिडियोमार्फत अध्ययनको व्यवस्था गर्न सकियो भने छोटो अवधिमै विद्यार्थी र अभिभावकले परिणाम महसुस गर्नेछन् । यसले सिकाइलाईसमकालीन आवश्यकतासँग जोड्ने मात्र होइन, विद्यार्थीलाई डिजिटल युगसँग परिचित गराउनेछ ।

**स्थानीय पाठ्यक्रम**

स्थानीय सरकारलाई आफ्नो क्षेत्रभित्रका विद्यालयका लागि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने अधिकार छ तर अझै धेरै पालिकाले यसो गरेका छैनन्, वा बनाए पनि लागु गरेका छैनन् । शिक्षा मन्त्रालयले पाँच महिनाभित्रै सबै पालिकामा स्थानीय पाठ्यक्रम निर्माण अनिवार्य गरी आगामी शैक्षिक सत्रदेखि कार्यान्वयन गर्ने व्यवस्था मिलाउन सक्छ । स्थानीय पाठ्यक्रममार्फत कला, खेलकुद, नाटक वा साहित्यिक कार्यक्रमजस्ता सिर्जनात्मक गतिविधि प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ । यसले विद्यार्थी र अभिभावकको आत्मविश्वास बढाउने मात्र होइन, सिकाइलाई रमाइलो र आकर्षक पनि बनाउँछ ।

**प्रतिनिधि पालिका**

देखिने सुधार सुरु गर्न र आगामी सरकारका लागि मार्गदर्शन स्थापना गर्न शिक्षा मन्त्रालयले केही प्रतिनिधि पालिका छनोट गर्न सक्छ । यसरी छनोट गर्दा भौगोलिक, सांस्कृतिक, भाषिक, लैंगिक, आर्थिक, सामाजिक र शैक्षिक विविधतालाई ध्यान दिइनुपर्छ । डिजिटल प्रविधि, स्मार्ट कक्षा, इन्टरनेटको प्रयोग र जेन-जीसँगको सहकार्यलाई तत्काल लागु गर्न सकिने केही पालिकामा प्रारम्भ गरियो भने यसले 'उदाहरणमार्फत नेतृत्व' (लिड बाई एक्ज्याम्पल) को नमुना स्थापित गर्नेछ । छोटो अवधिमै प्राप्त ठोस अनुभव र प्रमाणले आगामी सरकारलाई दीर्घकालीन शिक्षा नीति र सोअनुसारको पाठ्यक्रम निर्माण गर्न मद्दत गर्नेछ ।

**निष्कर्ष**

शिक्षामन्त्रीको कार्यकाल छोटो भए पनि शिक्षामा सार्थक सुधार गर्न पर्याप्त सम्भावना छ । शिक्षकका माग सम्बोधनको सुरुवात, विद्यालय व्यवस्थापनमा जेन-जीको प्रतिनिधित्व, कम्प्युटर शिक्षकका रूपमा जेन-जी नियुक्ति, प्रतिनिधि पालिकामा डिजिटल शिक्षाको प्रयोग र स्थानीय पाठ्यक्रम निर्माणजस्ता कार्यक्रम अहिले अगाडि बढाइयो भने आगामी सरकारका लागि यी मार्गदर्शक बन्नेछन् । अन्तत: यस्ता सुरुवातले नेपालको शिक्षा प्रणालीलाई समान, गुणस्तरीय र भविष्यमुखी बनाउन योगदान पुऱ्याउनेछन् ।

-रातोपाटी डटकम

# जेन–जी आन्दोलनमा क्षति भएका सवारी साधन खरिद गर्न ८० प्रतिशतसम्म ऋण




**काठमाडौं,** असोज १९/भदौ २३ को आन्दोलन र २४ को प्रर्दशनको क्रममा क्षति भएका सवारी साधन प्रतिस्थापनका लागि ऋृण लिनुपरे सवारीको मूल्यको ८० प्रतिशतसम्म कर्जा पाइने भएको छ ।

राष्ट बैंकले परिपत्रमार्फत शुक्रबार उक्त व्यवस्था गरेको हो । 'जेन-जी आन्दोलनबाट प्रत्यक्ष रुपमा प्रभावित उद्योग तथा व्यावसायिक प्रतिष्ठानमा व्यावसायिक रुपमा प्रयोग भइरहेका सवारी तथा ढुवानीका साधन क्षति भई प्रतिस्थापन गर्न कर्जा प्रदान गर्दा ऋृण मूल्य अनुपात ८० प्रतिशतसम्म कायम गर्न सकिनेछ,' परिपत्रमा भनिएको छ । हाल बैंक तथा वित्तीय संस्थाले सवारी साधन खरिद गर्न कर्जा प्रवाह गर्दासवारी साधनको ऋृण मूल्यको अधिकतम ६० प्रतिशतसम्म मात्र ऋृण दिन पाइने व्यवस्था छ । यस्तो अनुसार सबै प्रयोजनका विद्युतीय सवारी साधन र निजी प्रयोजनका व्यक्तिगत अन्य सवारी साधन खरिद दुवैमा लागू हुन्छ । अहिले राष्ट्र बैंकले आन्दोलनमा क्षति पुगेका उद्योगी व्यवसायी, प्रतिष्ठानलगायतलाई भने सुविधा दिएको हो ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


## खेलकुद समाचार

# नेपाली महिला टोली १३ रनले पराजित




**काठमाडौं,** असोज १९/मलेशियासँगको टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शङ्खलाको तेस्रो खेलमा नेपाली महिला टोली १३ रनले पराजित भएको छ । मलेशियाले दिएको एक सय २१ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभरमा आठ विकेट गुमाएर एक सय सात रनमात्र बनाउन सक्यो । नेपालका रुबी पोद्दारले ३१, कप्तान इन्दु बर्माले नट आउट २२ रन बनाए । मलेशियाका नुर दानिया सुहाडा र एइसा एलीसा फिरदौजले १/१ विकेट लिए । नेपालका ६ जना खेलाडी रन आउट भए । यसअघि क्वालालम्पुरको बायुमास क्रिकेट ओभलमा टस जितेर ब्याटिङ गरेको घरेलु टोली मलेशियाले २० ओभरमा चार विकेट गुमाएर एक सय २० रन बनायो । मलेशियाकी आइना हमिजाह हशिमले ६१ रन बनाइन् । नेपालकी कविता कुँवरले दुई विकेट लिए । योसँगै पाँच खेलको टी-२० शङ्खलामा मलेशियाले २-१ को अग्रता लिएको छ । शङ्खलाको पहिलो खेलमा नेपाल तीन रनले पराजित भएको थियो भने दोस्रो खेलमा ६ विकेटले विजयी भएको थियो ।


वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस्
सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# बाढी पहिरोका कारण १३ वटा जलविद्युत् आयोजनाको उत्पादन बन्द



**पाल्पा,** असोज १९/अविरल वर्षापछि आएको बाढी पहिरोले १०५ मेगावाट क्षमताका १३ वटा आयोजनाको उत्पादन बन्द भएको छ । उत्पादन बन्द भएका सबै विद्युत् आयोजनाहरू इलाम जिल्लामा रहेका छन् । इलाममा रहेका सबैजसो जलविद्युत् आयोजनाहरूमा बाढी पहिरोले क्षति पुऱ्याएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ ।

इलामा रहेका माईखोला, माईखोला क्यासकेड, सुपरमाई, सुपरमाई 'ए' तथा त्यसको क्यासकेड, जोगमाईखोला र त्यसको क्यासकेड, तल्लो जोगमाई, माइबेनी, माथिल्लो माईखोला, माई 'सी' क्यासकेड आयोजनाको उत्पादन पूर्णरूपमा बन्द भएको छ । ती आयोजनाको इन्टेक, पावर हाउस, सबस्टेशन, हेडवर्क्स, प्रसारणलाइनलगायतमा बाढीले क्षति पुगेको छ । त्यस्तै निर्माणाधीन अवस्थामा रहेका पाँचथरको सभाखोला 'बी' र हेवाखोलामा क्षति पुगेको छ । इलाममा रहेको सिद्धिखोला तथा सिन्धुपाल्चोकका ब्रम्हायणी र अपर ब्रम्हायणी विद्युत् आयोजनामा पनि क्षति पुगेको मन्त्रालयले जनाएको छ । ती आयोजनाहरूको पनि हेडवर्क्स, एक्सेस रोड, पावरहाउसलगायतमा क्षति पुगेको छ । यस्तै सिन्धुपाल्चोक र पाँचथरका निर्माणधीन ५ वटा जलविद्युत् आयोजना पनि प्रभावित भएका छन् । ऊर्जामन्त्री कुलमान घिसिङले देशका विभिन्न भागमा १ हजार ५०० मिटर तटबन्ध कटान हुँदा १० करोड रुपैयाँ बराबरको क्षति पुगेको जानकारी दिनुभएको छ । शनिबार र शुत्रबारको अविरल वर्षासँगै देशका विभिन्न नदीनालामा आएको बाढीबाट ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका करोडौंका संरचनामा क्षति भएको प्रारम्भिक अनुमान छ ।


मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई

स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



फूलपातीदेखि प्रदर्शनमा आएका तीन फिल्ममध्ये 'हरिबहादुरको जुत्ता'ले पहिलो दिन सबैभन्दा कम शो पाएको थियो। यसको देशव्यापी शो एक सय हाराहारी थियो। 'बलिदान' र 'माइतीघर'ले भने झन्डै साढे तीन सय शो कब्जा गरेका थिए। प्रदर्शनको एक हप्ता वित्दै गर्दा 'हरिबहादुरको जुत्ता'ले शो मा बाजी मारेको छ। सबैभन्दा धेरै शो नै यही फिल्मले पाएको छ।

**आजको विचार...**



जेन-जी...
*(दुई पेजमा)*

रमेश कुमार बोहोरा

निर्देशक चन्द्र पन्तको निर्देशनमा निर्माण भएको चलचित्र 'आ बाट आमा'को छायांकन २५ दिनमै सकिएको छ। छायांकन सकिएलगत्तै निर्देशक पन्तले अभिनेता पल शाहलाई अर्को चलचित्रका लागि पनि अनुबन्ध गर्नुभएको छ। निर्देशक पन्तले चलचित्रको नाम र अन्य कलाकारहरुको जानकारी केही दिनभित्र सार्वजनिक गर्ने बताए। एक महिनाको निर्धारित सेड्युल भए पनि कलाकार र प्राविधिक पक्षको मिहिनेतका कारण पाँच दिनअघि नै छायांकन सकिएको उनले जानकारी दिए।



❒ वर्ष ३१ ❒ अंक ७५ ❒ २०८२ असोज २० गते सोमबार 06 October 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### विपद्का घटनाबाट देशभर ४० को मृत्यु

**पाल्पा,** असोज १९/पछिल्लो दुई दिनमा विपद्का घटनामा परी देशभर ४० जनाको मृत्यु भएको छ । बाढीपहिरो, चट्याङ्ग तथा सवारी दुर्घटनामा परी १३ जना घाइते भएका सशस्त्र प्रहरी बल नेपालले जनाएको छ । विपद्का घटनामा परी ११ जना बेपत्ता भएका छन् । बाढीपहिरोबाट इलाम जिल्लामा मात्रै २८ जनाको मत्यु र दुई जना गम्भीर घाइते भएको सशस्त्र प्रहरीले जनाएको छ । इलामको सूर्योदय नगरपालिकामा पाँच, इलाम नगरपालिकामा छ, देउमाई नगरपालिकामा दुई, फाकफोकथुम गाउँपालिकामा एक, माङ्सेबुङ गाउँपालिकामा तीन, माइजोगमाई गाउँपालिकामा आठ र सन्दकपुर गाउँपालिकामा तीन जनाको मृत्यु भएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाल जानकारी दिए । यसैगरी बाढीपहिरोमा परी उदयपुरमा दुई, रौतहटमा तीन, रसुवामा चार र काठमाडौंमा एक जनाको मृत्यु भएको छ ।

# अकबरे खुर्सानी बिक्री गर्न बजारको समस्या छैन

**रासस**

**दमौली (तनहुँ),** असोज १९/ अकबरे खुर्सानी पिरो भए पनि यसको आम्दानीले तनहुँका कृषकको जीवन गुलियो बनाएको छ । भिमाद नगरपालिका-९ को भानुमतिका कृषकले अकबरे खुर्सानी उत्पादनबाट करिब रु ४५ लाख आम्दानी गरेका छन् । सामूहिक अकबरे खुर्सानीखेती गरेका यनका कृषकले रु ४५ लाख आम्दानी गरेका हुन् ।

मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषक समूहमार्फत यन अकबरे खुर्सानीखेती गरिएको भानुमति कृषक समूहका अध्यक्ष इमानबहादुर थापाले



जानकारी दिए । यनका ३५ जना कृषक अकबरे खुर्सानीखेतीमा आबद्ध छन् । कृषक अखिल सारु मगरले यस वर्ष अकबरे खुर्सानी बिक्रीबाट सात लाख आम्दानी गरिसकेका छन् । यो पटक पनि १२ लाख आम्दानी हुने अनुमान छ । कृषक जयकुमार थापाले खुर्सानी बिक्री गरी एक लाख ५० हजार आम्दानी भएको जानकारी दिए । उनले मकै र कोदो रोप्ने बारीमा अकबरे खुर्सानी गरेको बताए । असारदेखि अकबरे खुर्सानी बजार पुर्‍याइएको उनले उल्लेख गरे । यनको कटनछाप, पाथर्दी, सखेप, पाइमे, जौपानीमा व्यक्तिगतसँगै सामूहिक अकबरे खुर्सानीखेती गरिएको छ । वडालाई अकबरेखेतीको पकेट क्षेत्र बनाउन ५० हजार बेर्ना कृषकलाई वितरण गरिएको थापाले बताए । अकबरे खुर्सानी बिक्रीबाट यनका कृषकले न्यूनतम ७० हजार आम्दानी गरेका छन् । उनले भने, "अकबरे खुर्सानीले यनका कृषकको मुहारमा खुसी ल्याएको छ ।" अकबरे खुर्सानी पिरो भए पनि यसको आम्दानीले कृषकको जीवन गुलियो बनाएको थापाको भनाइ छ । कृषि उत्पादन वृद्धि गरी आत्मनिर्भर बन्न यनका स्थानीयवासी अकबरे खुर्सानीखेतीमा लागेका हुन् । उक्त खेतीबाट कृषकहरुले वार्षिक दुई लाख ५० हजार केजी खुर्सानी उत्पादन गर्ने लक्ष्य राखेका छन् । उत्पादन भएको खुर्सानी पोखरा, भिमाद, खैरेनीटारका बजारहरुमा बिक्री गरिएको छ । उनले भने, "बजारको समस्या छैन, माग धेरै छ ।" हाल बजारमा प्रतिकेजी रु तीन सयदेखि रु ५०० थोक मूल्य रहेको छ । खुर्सानीको बिरुवा उत्पादनका लागि वडा नम्बर ९ ले एक लाख अनुदान दिएको थियो ।

## छाडा पशुचौपायाको संरक्षण गरौं ।

छाडा पशुचौपायाका कारणले:

-सडक दुर्घटनाको सम्भावना बढ्छ,

-बाली तथा बोटविरुवामा क्षति पुग्छ,

-मानिस र पशु दुबैको जीवन जोखिममा पर्छ,

-जथाभावी फोहोरमैला विसर्जन हुँदा रोग फैलिन सक्छ,

-सार्वजनिक शान्ति र सुरक्षामा अवरोध पुग्न सक्छ ।

त्यसैले,

-पशुचौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं,

-चरन क्षेत्रको व्यवस्थापन गरौं,

-सडकछेउमा पशुचौपाया नछाडौं/छाड्न नदिऔं,

-छाडा पशुचौपायाको नियन्त्रण गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# करोड खर्चेर अतिथि आवास निर्माण

**गलकोट (बागलुङ),** असोज १९/ भक्तजनको सुविधाका लागि बिहुँस्थित कोतघरमा दुई वटा अतिथि आवासगृह निर्माण गरिएको छ । बिहुँकोटबाट रोजगारीको सिलसिलामा जापान पुगेकाहरुको सहयोगमा बागलुङको काठेखोला गाउँपालिका-६ स्थित बिहुँकोत मन्दिरमा दुई पक्की आवासगृह निर्माण गरिएको हो ।

जापान समाज बिहुँकोट र बिहुँकोट समाज जापानको पहलमा विभिन्न ५१ जनाले प्रदान गरेको एक करोड रकमबाट २६ जनासम्म बस्न मिल्ने अतिथि आवासगृह निर्माण गरिएको बिहुँकोट समाज जापान तथा अतिथि आवासगृह निर्माणका संयोजक दीपक कँडेलले जानकारी दिए । तल्लो र उपल्लो दुई कोतघरमै दुई पक्की अतिथि अवासगृह निर्माण गरेर फूलपातीको दिन हस्तान्तरण गरिएको कँडेलले बताए । उनले हालसम्म एक





करोड १० लाख रकम सङ्कलन भइसकेको र कोतघरमा अन्य पूर्वाधारको कामसमेत हुने बताए । दुई अतिथि आवास निर्माणमा भने एक करोड खर्च भइसकेको बताए । रोजगारीको सिलसिलामा जापानमा रहेका बिहुँकोट निवासीबाट सङ्कलन भएको रकमबाट बिहुँकोत मन्दिरमा विभिन्न पूर्वाधार निर्माणसँगै फुलपाती मेलाको आयोजना गरिन थालेको जापान समाज बिहुँकोटका अध्यक्ष नारायणप्रसाद कँडेले बताए । उनले बिहुँकोटमा आउने भक्तजनलाई खाना र बस्नको व्यवस्थापनका लागि आवासगृह निर्माण गरिएको बताए । उनले प्रचारप्रसारको अभावमा ओझेलमा परेको बिहुँकोत मन्दिरलाई उजागर गर्ने पूर्वाधार निर्माण गर्ने लगायतका काम जापानमा बस्ने बिहुँकोट निवासीबाट भइरहेको बताए । तीन वर्षयता शौचालय, तारबार, सडक ढलान, खानेपानी, पदमार्ग र प्रवेशद्वार जस्ता पूर्वाधार निर्माणको काममा बिहुँकोट समाज जापान सक्रिय रहेको छ । फुलफातीका दिन रु एक करोड लागतमा निर्माण भएको अतिथि आवासगृहको उद्घाटन बिहुँकोट समाज जापानका संरक्षक तथा समाजसेवी दीपक सुवेदीले गरेका थिए । सुवेदीले भक्तजनको सुविधाका लागि एकसाथ दुई आवासगृह निर्माण गरिएको जनाउँदै बिहुँकोत मन्दिरको प्रचारप्रसार प्रचारको कमी भएको बताए । उनले कोतघरले धार्मिक पर्यटक भित्र्याउने सम्भावना देखेर लगानी गरेको बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विपद् न्यूनिकरणका लागि सामूहिक प्रयास

**नेपालीहरुको महान पर्व वडादशैको शुभारम्भ सँगै समापन हुने बेला सम्म पनि एक साता देखि देशका बिभिन्न स्थानमा परेको बर्षाका कारण अत्यान्तै ठुलो धनजनको क्षति भएको छ । निरन्तर झरीका कारण आकाश रित्तिएला जस्तो वर्षासँगै पहाडहरु खल्किएका छन् । तराई डुवानले चुर्लुम्म छन् । खेतहरु डुवे, सडक छिया छिया भएका छन्, पुलहरु भाँसिएका छन् । गाउँ र शहरका कतिपय वस्तिहरु पहिरोले पुरिए र वाढीका कारण डुवानमा परे । सरकारले कडाइका साथ सर्तकता अपनाएका कारण तुलनात्मक रुपमा मानवीय र भौतिक क्षति भने कम हो ।**

**चितवनदेखि सिन्धुपाल्चोक,रामेछाप, मकवानपुर र नुवाकोटसम्म वर्षाले आक्रोश पोख्यो । नदी–खोला उफ्रिए, बस्ती बिस्थापित भए । सयौँ परिवार रातारात घरबास बिहीन बने, धानबाली र तरकारी बगाएर किसानलाई ऋणमाथि थप बोझ थपियो । यो केवल प्राकृतिक प्रकोप थिएन, यो हाम्रो तयारीको कमजोरीको कठोर स्मरण पनि हो । विपतका पुर्वानुमानलाई आँकलन गरेर हामीले क्षति न्यून गर्ने बिषयमा वातावरणीय सन्तुलनलाई कायम राख्न सकेनौ, हामीले प्रकृतिको दोहन गर्ने कार्य रोकेनौ भने यस्ता प्रकोपहरु वर्षोनी भई रहन्छन् भन्ने कुरालाई ध्यानमा राख्नुपर्ने हाम्रो सामुहिक दायित्वलाई कहिल्यै पनि विर्सनु हुदैन । हरेक वर्ष पानी पर्नु मात्र होइन, पानीसँगै बाढी र पहिरो आउँछ, भन्ने कुरा हामीले थाहा पाएर पनि पूर्वतयारीका पक्षमा हामी अझै असहाय देखिन्छौँ । सरकारले उद्धार सामग्री पठायो, स्थानीय तहले पीडितलाई अस्थायी आवास र खाद्यान्न उपलब्ध गराए, तर मूलसमस्या समाधानतर्फ ठोस कदम चाल्ने अवस्था अझै बनेको छैन् ।**

**मौसम पूर्वानुमान प्रणाली अझै कमजोर छ, जोखिमग्रस्त बस्ती सार्ने नीति कागजमै छ, र नदी–खोला व्यवस्थापनका योजना बजेट अभावमा थाती छन् । अब सरकारले केवल राहत बाँडेर जिम्मेवारी टार्ने होइन, दीर्घकालीन दृष्टिकोण र योजनाद्ध सोंच बनाउनुपर्ने हुन्छ । पहिरो जोखिम क्षेत्रमा बसोबास गरिरहेकाहरूलाई सुरक्षित ठाउँमा सार्ने, पहाडी सडक निर्माणमा वैज्ञानिक प्रविधि,जैविक विविधताका साथै वातावरणीय संरक्षणमा ध्यानुपर्ने हुन्छ । यसका लागि सरकारको मात्रै मुख ताकेर मात्रै हुदैन्, हामी सबैको सामुहिक प्रयास आवश्यक छ । नदी तटीय संरक्षण बलियो बनाउने, मौसम पूर्वानुमान र चेतावनी प्रणालीलाई आधुनिक उपकरण सहित ग्रामीणस्तरमा पुर्‍याउने कार्य गर्न अब ढिला गर्न हुदैन । अनि मात्र प्राकृतिक प्रकोपबाट वच्न सकिन्छ, सुरक्षित समाज निर्माणमा सहयोगी बन्न सक्छौ ।**

### Opinion @ Social Network

रिस्लाई रोक्न सिक्नुस पिडालाई भोग्न सिक्नुस
समयलाई बुझ्न सिक्नुस गल्तिमा झुक्न सिक्नुस
बाकी कुरा सिकाउनेहरु त हरेक पाईलामा भेटिन्छन् यहाँ ।

*(शान्ता ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.123)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जेन–जी आन्दोलनपछि राजनीतिक स्थायित्वको खोज



**रमेश कुमार बोहोरा**

नेपालको राजनीतिक अस्थिरता झण्डै दुई दशकदेखि निरन्तर चलिरहेको छ । २०७२ सालमा संविधान जारी भए पनि त्यसको कार्यान्वयनका क्रममा उठेका विवाद, राजनीतिक अस्थिरता र जनस्तरमा देखिएको असन्तुष्टि अहिले फेरि तीव्र बनेको छ । संविधानले प्रदान गरेको अधिकार, संरचना र मूल्यका विषयमा राजनीतिक दलको असहमति र नेतृत्वको अस्थिरताले जनतामा गहिरो निराशा थपेको छ । भदौ २३ र २४ गते देशभरि उर्लिएको जेन-जी आन्दोलन त्यसको प्रत्यक्ष संकेत हो । युवापुस्ताको आक्रोश र असन्तोषले देशलाई गम्भीर राजनीतिक भुमरीमा ल्याएको छ । आन्दोलनको प्रारम्भिक माग भ्रष्टाचार नियन्त्रण, सरकारी कार्यशैलीमा पारदर्शिता र प्रशासनिक सरलीकरण थियो । तर आन्दोलन विस्तारै संवैधानिक संरचना र राजनीतिक संस्कारमै प्रहार गर्ने दिशामा उन्मुख भयो । सार्वजनिक सम्पत्तिमा आक्रमण, आगजनी र तोडफोडले अर्थतन्त्रलाई ठूलो धक्का पुगे पनि नागरिक समाज र विश्लेषकहरूले यसलाई केवल आक्रोशको विस्फोट होइन संवैधानिक विमर्शको संकेतको रूपमा लिएका छन् । नेपालको संविधान लोकतान्त्रिक मूल्यमा आधारित रहे पनि यसको कार्यान्वयनले बारम्बार प्रश्न खडा गरेको छ ।

संसद, कार्यपालिका, संघीय संरचना, संवैधानिक निकाय र न्यायपालिकाको भूमिकाप्रति जनतामा विश्वासको कमी देखिनु यसको प्रमुख उदाहरण हो । राजनीतिक दलहरूले संवैधानिक प्रावधानलाई आफूअनुकूल प्रयोग गरेको, शक्ति सन्तुलनभन्दा पद र भागबन्डामा ध्यान केन्द्रित गरेको आरोप बलियो छ । यही कारण अहिले संविधान संशोधनको बहस पुन: चर्किएको छ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको माग, गैरसांसद मन्त्रीको सम्भावना, प्रदेश सरकारको आवश्यकता, संवैधानिक नियुक्तिमा पारदर्शिता र न्यायपालिकाको स्वतन्त्रता यी पाँच मुद्दा अहिलेको राजनीतिक बहसको केन्द्रमा छन् । तर समाधानको बाटो संविधानका शब्दमा मात्रै सीमित छैनल । राजनीतिक संस्कारमा सुधार र नेतृत्वको इमानदारिता नै मूल प्रश्न हो । हालको संसदीय प्रणालीले प्रधानमन्त्रीलाई संसदको बहुमतमा आधारित बनाउँछ । दलको संसदीय दलको नेता वा बहुमत जुटाउन सक्षम सांसद प्रधानमन्त्री हुन्छन् । यो व्यवस्था जनप्रतिनिधित्वको आधारमा बनेको भए पनि राजनीतिक अस्थिरताले जनतामा निराशा छाएको छ । २०७२ सालदेखि आजसम्म सरकारले बारम्बार परिवर्तन भोगेको तथ्य यसलाई पुष्टि गर्छ । सुशील कोइरालादेखि केपी शर्मा ओलीसम्म र त्यसपछि आएका सरकारसम्म प्रधानमन्त्रीको सिट निरन्तर बदलिँदै गयो । मन्त्रिपरिषद् फेरबदलको संख्या अझै बढी रह्यो जसले नीति, नियम र सेवा वितरणमा निरन्तरता देखाएन जनताले राजनीतिक स्थिरताको अभाव मात्र होइन, नीतिगत अस्थिरता पनि भोगिरहेका छन् । योजनाहरू अधूरा छन् प्राथमिकताहरू बदलिँदै जान्छन् र नागरिकमा विश्वासको संकट गहिरिँदै गएका छन् । यही कारण प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको माग उठ्दै आएको हो । नागरिकलाई ठोस निर्णय लिने र नीति निरन्तरता दिने शक्तिशाली कार्यकारीको आवश्यकता महसुस भइरहेको छ । तर प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री कुनै रामबाण हो भन्ने ग्यारेन्टी छैन । स्थानीय तहमा प्रमुख वा अध्यक्ष प्रत्यक्ष निर्वाचित हुने व्यवस्था छ । तर धेरै स्थानमा लोकप्रियतावादको आडमा व्यक्तिगत प्रभुत्व जमाउने प्रवृत्ति देखिएको छ । विश्वका उदाहरणले पनि प्रत्यक्ष निर्वाचित कार्यकारी एकपटक सत्तामा पुगेपछि उसलाई हटाउन कठिन हुने देखाउँछन् । नेपालजस्तो भू-राजनीतिक रूपमा संवेदनशील देशमा कुनै कार्यकारीले विदेशी शक्तिको पक्षपोषण गरेमा त्यसलाई नियन्त्रण गर्न संसदसँग सीमित औजार मात्र रहनेछ । यो जोखिमलाई नजरअन्दाज गर्न सकिँदैन समस्या प्रणालीमा मात्र होइन नेतृत्वको सोच, सक्षमता र नैतिकतामा पनि छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी प्रत्यक्ष निर्वाचित नभए पनि स्थिर सरकार सञ्चालन गरिरहेका छन् । यसैले प्रत्यक्ष निर्वाचित प्रणाली ल्याउने कि नल्याउने भन्दा पनि जनप्रतिनिधिको जवाफदेहिता, इमानदारिता र राजनीतिक प्रतिबद्धता सुनिश्चित गर्नु नै प्राथमिकताको विषय हो । अर्को बहस गैरसांसदलाई मन्त्री बनाउने हो कि होइन भन्नेमा केन्द्रित छ । हालको प्रावधानअनुसार मन्त्री बन्न संसदको सदस्य हुनु आवश्यक छ । यसले कार्यपालिका र व्यवस्थापिकाबीच घनिष्ठ सम्बन्ध कायम राख्छ तर यो घनिष्ठता कहिलेकाहीं अस्वस्थ प्रतिस्पर्धामा बदलिन्छ । सांसदहरू मन्त्री बन्ने आकांक्षामा केन्द्रित हुन्छन् जसले नीति निर्माणभन्दा पनि सत्ता समीकरणलाई प्राथमिकता दिन्छ । प्रधानमन्त्रीले पनि पद सुरक्षित राख्न मन्त्रालय वितरणको खेल खेल्छन् । यसले पेशागत दक्षताभन्दा पनि राजनीतिक समीकरणलाई बढावा दिएको छ । यदि गैरसांसदलाई मन्त्री बनाउन सकिने व्यवस्था भए प्रधानमन्त्रीले पार्टीभित्रको दबाबभन्दा बाहिर गएर विषयविज्ञ र इमानदार व्यक्तिलाई मन्त्री बनाउन सक्थे । यसले नीति कार्यान्वयनमा पेशागत दक्षता ल्याउन सक्थ्यो । संसदले सरकारको निगरानी गर्ने अधिकार भने यथावत रहने थियो । तर संसदसँग प्रत्यक्ष सम्पर्क नभएका मन्त्रीहरूले नीतिगत कार्यान्वयनमा कठिनाइ भोग्न सक्ने जोखिम पनि छ । राजनीतिक वैधतामा प्रश्न उठ्न सक्ने भएकाले यस्तो प्रणालीलाई पाइलट प्रोजेक्टको रूपमा परीक्षण गरेर मात्र अगाडि बढाउनु उपयुक्त देखिन्छ । अर्को बहस प्रदेश सरकारको खारेजी वा सुधारमा छ । २०७२ सालको संविधानले संघ, प्रदेश र स्थानीय तहमा सरकार गठनको व्यवस्था गर्दै शक्ति विकेन्द्रीकरणको बाटो समातेको हो । तर पछिल्ला वर्षहरूमा प्रदेश सरकारलाई अनावश्यक खर्चिलो संरचनाको रूपमा चित्रण गर्ने प्रवृत्ति बढेको छ । सरकार बनाउने र गिराउने खेल, मन्त्री बन्ने होड, मन्त्रालयको अस्वाभाविक विस्तार र स्रोतको दुरुपयोगले जनस्तरमा असन्तोष बढेको छ । कतिपयले प्रदेश सरकारलाई केन्द्रको नक्कल मात्र देख्छन् । प्रदेश खारेज गर्नु औंलामा घाउ लाग्दा हात काट्ने जस्तै हो । संघीयता ल्याउनुको मुख्य उद्देश्य सिंहदरबार केन्द्रित शासनको अन्त्य र जनतालाई नजिकबाट सेवा पुर्‍याउनु हो । कर्णाली वा सुदूरपश्चिमका जनप्रतिनिधिले बजेट माग गर्न काठमाडौं धाउनुपर्ने अवस्था संघीयता आएपछि कम भएको छ । संघीयता खारेज गर्नु भन्दा सुधार गर्नु आवश्यक छ । प्रदेश मन्त्रिपरिषद्को आकार सीमित गर्ने, मन्त्रालयलाई प्रदेशको विशेषता अनुसार मात्र राख्ने, खर्च नियन्त्रण गर्ने जस्ता संवैधानिक सुधार जरुरी छन् । समस्या संघीयताको अवधारणामा होइन, त्यसको कार्यान्वयनमा देखिएको कमजोरीमा छ । अर्को मुद्दा संवैधानिक नियुक्तिमा पारदर्शिता हो । निर्वाचन आयोगदेखि अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्मका निकाय लोकतान्त्रिक शासनका मेरुदण्ड हुन् । तर नियुक्ति प्रक्रियामा दलगत भागबन्डा, शक्ति सन्तुलन र राजनीतिक निकटतालाई आधार मानेर नियुक्ति हुने आरोप बलियो छ । तत्कालीन ओली सरकारले अध्यादेशमार्फत ५२ जना संवैधानिक पदाधिकारी नियुक्त गर्दा उठेको विवाद यसको उदाहरण हो । योग्य व्यक्तिलाई पाखा लगाएर दल नजिकका अनुहारलाई प्राथमिकता दिइएको धारणा छ । यस्ता विवादले संस्थाको विश्वसनीयता मात्र होइन लोकतान्त्रिक शासनको मेरुदण्ड कमजोर पार्छ । त्यसैले नियुक्ति प्रक्रियामा स्पष्ट मापदण्ड, सार्वजनिक सुनुवाइ र योग्यताको प्रमाणित आधारलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । योग्य व्यक्तिलाई नेतृत्वमा ल्याउने र नागरिकको विश्वास पुन:स्थापित गर्ने यही बाटो हो । अर्को बहस न्यायपालिकाको स्वतन्त्रतासँग सम्बन्धित छ । संविधानले न्यायपालिकालाई लोकतान्त्रिक शासनको मेरुदण्डका रूपमा मान्यता दिएको भए पनि पछिल्ला वर्षहरूमा न्यायपालिका नै सर्वाधिक आलोचनाको केन्द्र बनेको छ । विवादास्पद फैसला, ढिलो न्याय र राजनीतिक प्रभावमा नियुक्त भएका न्यायाधीशहरूको कार्यशैलीले न्यायपालिकाको विश्वसनीयता कमजोर बनाएको छ । न्यायाधीश नियुक्तिमा दलगत सन्तुलन र व्यक्तिगत निकटतालाई प्राथमिकता दिइनु न्यायको गुणस्तरमा प्रत्यक्ष असर पार्छ । यसलाई रोक्न न्याय परिषद्को संरचना र कार्यशैलीमा सुधार अनिवार्य छ । भारतको कलेजियम प्रणाली जस्ता तुलनात्मक अभ्यासबाट सिकेर राजनीतिक हस्तक्षेप हटाउने व्यवस्था आवश्यक देखिन्छल। न्यायिक निर्णयमा समयबद्धता र गुणस्तर सुनिश्चित नगरेसम्म नागरिकले अन्य राज्य अंगमा भरोसा राख्न सक्दैनन् । जेन-जी आन्दोलनले देखाएको असन्तोष केवल तत्कालीन घटनामा सीमित छैन । यो नेपालको संवैधानिक अभ्यास र राजनीतिक संस्कृतिको गहिरो समस्या हो । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको बहस होस् वा गैरसांसद मन्त्रीको सम्भावना, प्रदेश सरकारको सुधार होस् वा संवैधानिक नियुक्ति र न्यायपालिकाको स्वतन्त्रता यी सबैको समाधान केवल संविधान संशोधनले मात्र सम्भव हुँदैन । मूल समस्या राजनीतिक नेतृत्वको निष्ठा, इमानदारिता र जवाफदेहितामा छ । अस्थिरता, पदलोलुपता र भागबन्डाको संस्कृतिले कुनै पनि संरचना कमजोर पार्छ । त्यसैले संवैधानिक सुधारसँगै राजनीतिक संस्कारको सुधार अपरिहार्य छ । नेपाल जस्तो बहु-विविधतायुक्त देशमा स्थायित्व ल्याउने उपाय संरचना खारेज वा प्रतिस्थापन मात्र होइन, संस्थागत अभ्यासलाई सुदृढ बनाउनु हो । संसद, कार्यपालिका, संघीय संरचना, संवैधानिक निकाय र न्यायपालिका सबैले आफ्नो अधिकार र दायित्व इमानदारीपूर्वक निर्वाह गरे मात्र लोकतन्त्र बलियो हुन्छ । आजको मूल प्रश्न संविधानको प्रावधान होइन, संविधानप्रति राजनीतिक नेतृत्वको निष्ठा हो । आगामी यात्रामा नेपालको लोकतान्त्रिक स्थायित्व र राजनीतिक संस्कार दुवैमा सुधार गर्ने साहसिक निर्णय लिनु अपरिहार्य छ । नागरिकको आक्रोशले चेतावनी दिइसकेको छ संविधानको अक्षरलाई मात्र होइन यसको आत्मालाई सम्मान नगरेसम्म स्थिरता र समृद्धिको सपना अधुरै रहन्छ । नेपालको संविधान संशोधनको बहसले सतहमा उठाएका विषयहरू गहिरो छन् । प्रत्यक्ष निर्वाचित कार्यकारीको सम्भावना, गैरसांसद मन्त्रीको सवाल, प्रदेश सरकारको भविष्य, संवैधानिक निकायको नियुक्ति प्रक्रिया र न्यायपालिकाको स्वतन्त्रता यी सबैको जड राजनीतिक चरित्रमै छ । संविधानको आत्मा केवल कागजी प्रावधान होइन कार्यान्वयनको इमानदार अभ्यास हो । नेतृत्वले जनतालाई जवाफदेही र नीतिगत स्थिरता दिन सक्ने हो भने संविधानको संरचना आफैं बलियो बन्न सक्छ । नभए फेरि जुनसुकै संशोधन पनि असफल हुनेछ । जेन-जी आन्दोलनले दिएको चेतावनी यही हो सत्ता खेलभन्दा माथि उठेर देशको भविष्यका लागि इमानदार निर्णय लिनु नेतृत्वको पहिलो कर्तव्य हो ।

***(बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुन्)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सकेसम्म यात्रा नगर्नुहोला। कामको विशेष व्यक्तिसँग भेटघाट का योग छन्। | **तुला** : धर्म कर्ममा रुचि बढ्नेछ। विद्यार्थीहरूको तर्कशक्तिमा वृद्धि हुनेछ। |
| **वृष** : नयाँ कार्यप्रति जिम्मेवारी बढ्नेछ। आत्मविश्वासमा वृद्धि हुनेछ। | **वृश्चिक** : कार्यको प्रशंसा हुनेछ। दाम्पत्य जीवन र प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **मिथुन** : मेहनतको फल प्राप्त हुनेछ । धन र विद्या आर्जन गर्न सकिनेछ । | **धनु** : आयआर्जनका नयाँ स्रोतहरू निर्माण हुनेछन्। आर्थिक पक्ष सबल रहनेछ । |
| **कर्कट** : कार्यक्षेत्रमा नयाँ अवसरहरू आउनेछ । स्वास्थ्यमा ध्यान दिनुहोला । | **मकर** : व्यापारमा लाभ रहनेछ । राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ । |
| **सिंह** : साथीसँग भेटघाटले मन उत्साहित रहनेछ। अरुको लागि श्रम खर्च गर्नुपर्ला। | **कुम्भ** : समाजमा मान प्रतिष्ठा बढ्नेछ। व्यवसायमा मनग्य लाभ प्राप्त हुनेछ। |
| **कन्या** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। स्वास्थ्यलाई लिएर ध्यान दिनुहोस्। | **मीन** : वैदेशिक रोजगारबाट लाभ मिल्नेछ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। |

## शिक्षा

# दशै बिदालाई सिर्जनात्मक बनाउँदै शिक्षक




वडादसैँको चहलपहल गाउँघर तथा सहर सबैतिर छाएको छ । विद्यालयमासमेत दसैँ तथा दिपावली गरी एक महिना बिदा छ । यतिबेला बिदाको समयलाई सदुपयोग गर्न शिक्षकहरु करेसाबारीमा काम गर्ने, लामो समयपछिका योजना गर्ने काममा व्यस्त देखिन्छन् । एक महिनाको लामो बिदालाई सदुपयोग गर्न र उत्पादनमूलक बनाउन कैलालीका शिक्षकहरु विभिन्न काममा व्यस्त देखिन्छन् । हिमालय मावि घियाका प्रधानाध्यापक बुद्धिराम चौधरी एक महिनाको बिदामा करेशाबारीमा काम गर्ने, विभिन्न जीवनपयोगी पुस्तक पढेर समय बिताउने योजनामा छन् । 'अघिपछि भनेजस्तो समय पाइदैन, यो समय धानबाली स्याहार्ने र तरकारी रोप्ने समय हो, खेतबारीमा व्यस्त हुनेछु', उनले भने, 'त्यसबाहेक नयाँ पुस्तकहरु पढ्ने तयारी छ । साँझ बिहान अध्ययनका लागि समय छुट्याएको छु ।' पद्मा आधारभूत विद्यालयका प्रधानाध्यापक जङ्गबहादुर चौधरी बिदालगत्तै विभिन्न तरकारीका बेर्ना उत्पादन गर्ने र बिक्री गर्ने काममा व्यस्त छन् । उहाँका बारीमा विभिन्न तरकारीका बेर्ना बारीभरि देख्न सकिन्छ । 'मैले विगतदेखि नै तरकारीका बेर्ना उत्पादन र बिक्रीको काम गर्दै आएको छु', उनले भने, 'यो एक महिना मेरा लागि पर्याप्त समय हो । यो समयमा तरकारीका बेर्ना बिक्री पनि राम्रो हुन्छ । कालिका आधारभूत विद्यालय चौगुर्दीका प्रधानाध्यापक कम्मानसिंह बोहराले बिदालाई विद्यार्थीको सिकाइसँगै बिताउने योजना बनाएका छन्। उनले हरेक आइतबारका दिन कक्षा ४ र ५ का विद्यार्थीलाई विद्यालयमा पढ्न बोलाएका छन् । 'घरमा बस्दा विद्यार्थी पढाएका कुरा विर्सने भएकाले पुनर्ताजकी भइराखोस् भन्ने उद्देश्यले सातामा एक दिन विद्यार्थीलाई बोलाउने गरेको छु', उनले भने, 'नभए साना कक्षाका बालबालिका पछि सबै बिर्सिएर आउने समस्या हुन्छ । एक साताका लागि गृहकार्य दिने, पढेर आएका कुरा पुनरावलोक गर्ने गरेको छु ।' जनप्रकाश आधारभूत विद्यालय बाघमाराका प्रधानाध्यपक रघुनाथ उपाध्याय पनि नियमित अभ्याससँगै करेसाबारी निर्माण गर्ने, विभिन्न हिउँदे तरकारी उत्पादन गर्ने योजनामा छन् । खाली समयलाई सही सदुपयोग र उत्पादनमूलक बनाउन अधिकांश शिक्षकहरु करेसाबारी निर्माण र तरकारी उत्पादनमा लाग्ने गरेका छन् । यसरी खाली समयलाई सही सदुपयोग गर्न सके व्यस्त हुनुका साथै अन्य विविध लाभ लिन सकिने टीकापुरका शिक्षा अधिकृत नरेश अवस्थीको भनाइ छ । *-रासस*

# शिक्षामन्त्रीलाई विद्यालय कर्मचारीको ध्यानाकर्षण



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री महावीर पुनसमक्ष नेपाल विद्यालय कर्मचारी परिषद्ले सामुदायिक विद्यालय कर्मचारीलाई दरबन्दीमा राख्नुपर्ने लगायत माग प्रस्तुत गरेको छ । परिषद्ले विद्यालय कर्मचारीका लामो समयदेखि थाँती रहेको समस्या र विगतमा सरकारसँग भएका सहमतिका आधारमा उचित सम्बोधनका लागि शिक्षामन्त्री पुनलाई आइतबार केशरमहलस्थित मन्त्रालयमा भेटेर आग्रह गरेको जनाइएको छ । परिषद्का केन्द्रीय अध्यक्ष गङ्गाराम तिवारीले शिक्षामन्त्री पुनले आफूलाई विद्यालय कर्मचारीका समस्या थाहा भएको र चाडपर्वपछि आपसमा बसेर के सम्बोधन गर्न सकिन्छ गरौँला भन्ने आश्वासन दिएको जानकारी दिए । मन्त्री पुनले वर्तमान सरकार निर्वाचन गराउने मुख्य दायित्वका साथ आएकाले धेरै अपेक्षा नगर्न पनि आग्रह गरेका थिए । परिषद्का बागमती प्रदेश कमिटीका अध्यक्ष रामशरण फुयाँलले प्रत्येक सामुदायिक विद्यालयमा एक कम्प्युटर शिक्षकको दरबन्दी राख्न शिक्षामन्त्री पुनको हालैको निर्देशनलाई सकारात्मक मान्दै कम्प्युटरमा क्षमतावान लेखापाललाई नै उक्त दरबन्दीमा रूपान्तरण गर्न सकिने सुझाव मन्त्री पुनलाई दिइएको बताए । प्रदेश अध्यक्ष फुयाँलले त्यति रकमले कसरी ती कर्मचारीले परिवार पाल्ने भन्ने विषयमा गम्भीर भएर सोच्न मन्त्रालयलाई ध्यानाकर्षण गराइएको बताए ।

सर्वोच्च अदालतको २०६७ माघ २३ को आदेशमा कर्मचारीको सेवा, सर्त, सुविधा उल्लेख गरी सर्भिस ल बनाइ कार्यान्वयन गर्न उल्लेख गरिए पनि हाल विद्यालयका लेखापालले मासिक १५ हजार र कार्यालय सहायकले १० हजार पाउँदै आएका छन् । सँघीय संसद्मा विचाराधीन रहेको विद्यालय शिक्षा विधेयकमा विद्यालय कर्मचारीलगायतका समस्या सम्बोधनको पहल गरिएको भए पनि प्रतिनिधिसभाको विघटन भएकाले अहिले कानुन बन्ने स्थिति छैन । *-रासस*

# पाँच महिनामा शिक्षा सुधारतर्फ गर्न सकिने काम



वर्तमान चुनावी सरकारले पाएको कार्यावधि छोटो छ । संविधानको व्यवस्था अनुसार ६ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गराउनुपर्ने बाध्यताका कारण शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दीर्घकालीन कानुन निर्माण, पाठ्यक्रम परिमार्जन वा संरचनागत ठुलो परिवर्तन तत्काल गर्न सक्ने अवस्था छैन । ज्ञान र आविष्कारमा जीवन समर्पण गर्नुभएका महावीर पुन शिक्षामन्त्री बन्नुभएकाले छोटो अवधिमै पनि शिक्षामा सुधार गर्ने अवसर प्रशस्त छन् । यो अवधिमा केही नमुना कार्यक्रम र उदाहरणीय अभ्यास सुरु गर्ने अवसर मन्त्रालयलाई छ, जसले दीर्घकालीन सुधारको जग बसाल्ने मात्र होइन, आगामी सरकारलाई अनुकरणीय नमुना पनि दिनेछ । शिक्षामन्त्रीले 'शिक्षा, विज्ञान तथा प्रविधिको क्षेत्रमा पाँच महिनामा गर्न सकिने र गर्नैपर्ने काम र विचार भए पठाउनुहोस्' भनेर सुझाव माग्नु सकारात्मक पहल हो । यसले शिक्षा सुधारका लागि छलफल र संवादको बाटो खोलिदिएको छ । सञ्चार र प्रविधिका क्षेत्रमा अध्ययन-अनुसन्धान र काम गरेको शिक्षामन्त्रीको पृष्ठभूमि भएकाले विद्यालयमा प्रविधिको प्रयोग, डिजिटल शिक्षण र प्रविधिमैत्री व्यवस्थापनलाई उहाँले विशेष प्राथमिकता दिन सक्ने अपेक्षा गर्न सकिन्छ । शपथ ग्रहणलगत्तै विज्ञसँग सुझाव लिएर अघि बढ्ने उहाँको धारणा पनि सार्वजनिक भएकाले छोटो अवधिमै व्यावहारिक र दीर्घकालीन असर पार्ने सुधार सुरु हुने विश्वास गर्न सकिन्छ ।

**सार्वजनिक र निजीबिचको असमानता**

नेपालमा विशेष गरी ग्रामीण क्षेत्रमा रहेका सरकारी विद्यालयको गुणस्तर जहिल्यै गम्भीर प्रश्न बनेको छ । सम्पन्न र उच्च ओहोदाका अभिभावकका छोराछोरी निजी विद्यालयमा अन्तर्राष्ट्रिय स्तरको सुविधासहितको शिक्षा प्राप्त गरिरहेका छन् तर ग्रामीण सरकारी विद्यालयमा अझै आधारभूत पूर्वाधार, शिक्षक र आवश्यक सामग्रीको अभाव छ । यस कारण त्यहाँ अध्ययन गर्ने विद्यार्थीले सहरी र निजी विद्यालयका साथीसँग प्रतिस्पर्धा गर्न सक्दैनन् । परिणामस्वरूप आर्थिक रूपमा विपन्न अभिभावक निराश छन् भने उज्ज्वल भविष्यको अपेक्षा बोकेका विद्यार्थी नेपालमा उपलब्ध सीमित अवसरबाट वञ्चित भइरहेका छन् । यस्तै असमानता जेन-जी आन्दोलनको पनि एउटा महत्त्वपूर्ण एजेन्डा हो ।

**शिक्षकका मागको सम्बोधन**

शिक्षा सुधारको अर्को प्रमुख चुनौती शिक्षकको असन्तुष्टि हो । शिक्षकलाई शैक्षिक प्रणालीको मेरुदण्ड मानिन्छ र उनीहरूको उत्साहविना सुधारका प्रयास सफल हुन सक्दैनन् । अस्थायी शिक्षकलाई स्थायीकरण, पदोन्नति प्रक्रियामा सुधार, पदानुक्रम र संरचना परिमार्जनजस्ता माग शिक्षकले राखेका छन् । आन्दोलन गरी अघिल्लो सरकारसँग वार्ता गरेका शिक्षकका माग पूरा गर्नेतर्फ सरकार अग्रसर देखिएन भने सुधारका प्रयास प्रभावकारी हुन सक्दैनन् । शिक्षकका सबै माग पूरा गर्ने अवस्था अहिले नभए पनि वर्तमान सरकारले कम्तीमा शिक्षकसँग संवाद गर्दै मागमा उचित सम्बोधनको सुरुवात गर्न सक्छ । यस्ता संवादमार्फत माग सम्बोधनको स्पष्ट खाका तयार पार्न सकेमा यसले शिक्षकमा विश्वास जगाउँछ । यही विश्वास जगाउन अघिल्लो सरकार असफल भएको थियो ।

**जेन-जीसँग सहकार्य**

शिक्षामन्त्रीको अध्ययन, अनुसन्धान र अनुभवलाई अब पुँजीका रूपमा लिन सकिन्छ । विद्यालयमा डिजिटल उपकरणको प्रयोग विस्तार गर्ने, शिक्षक-विद्यार्थीलाई अनलाइन सामग्री उपलब्ध गराउने, स्मार्ट कक्षाकोठा स्थापना गर्नेजस्ता काम सुरु गर्न सकिन्छ । सरकारी विद्यालयमा न्यूनतम इन्टरनेट सुविधा सुनिश्चित गर्न सके डिजिटल शिक्षा प्रवर्धन गर्न सजिलो हुन्छ । यस काममा जेन-जी युवालाई विद्यालयसँग जोडेर सहकार्य गर्न सकिन्छ । उनीहरू प्रविधिमा दक्ष भएकाले विद्यालयमा डिजिटल कक्षा सञ्चालन, नयाँ सामग्रीको प्रयोग र अतिरिक्त गतिविधिमा सहयोगी बन्न सक्छन् । यसका लागि विद्यालय व्यवस्थापन समितिमा जेन-जीको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्न सकिन्छ । उनीहरूको पारदर्शिता र जवाफदेहिताका लागि उठ्ने आवाजले विद्यालयलाई मर्यादित र उत्तरदायी बनाउनेछ । अर्को पहलका रूपमा सबै विद्यालयमा कम्तीमा एकजना कम्प्युटर शिक्षक नियुक्त गर्ने निर्णय कार्यान्वयन गर्दा त्यसमा जेन-जी युवालाई आरक्षण कायम गर्न सकिन्छ । उनीहरूको नेतृत्वमा अनलाइन कक्षा, डिजिटल पुस्तकालय र भिडियोमार्फत अध्ययनको व्यवस्था गर्न सकियो भने छोटो अवधिमै विद्यार्थी र अभिभावकले परिणाम महसुस गर्नेछन् । यसले सिकाइलाईसमकालीन आवश्यकतासँग जोड्ने मात्र होइन, विद्यार्थीलाई डिजिटल युगसँग परिचित गराउनेछ ।

**स्थानीय पाठ्यक्रम**

स्थानीय सरकारलाई आफ्नो क्षेत्रभित्रका विद्यालयका लागि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने अधिकार छ तर अझै धेरै पालिकाले यसो गरेका छैनन्, वा बनाए पनि लागु गरेका छैनन् । शिक्षा मन्त्रालयले पाँच महिनाभित्रै सबै पालिकामा स्थानीय पाठ्यक्रम निर्माण अनिवार्य गरी आगामी शैक्षिक सत्रदेखि कार्यान्वयन गर्ने व्यवस्था मिलाउन सक्छ । स्थानीय पाठ्यक्रममार्फत कला, खेलकुद, नाटक वा साहित्यिक कार्यक्रमजस्ता सिर्जनात्मक गतिविधि प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ । यसले विद्यार्थी र अभिभावकको आत्मविश्वास बढाउने मात्र होइन, सिकाइलाई रमाइलो र आकर्षक पनि बनाउँछ ।

**प्रतिनिधि पालिका**

देखिने सुधार सुरु गर्न र आगामी सरकारका लागि मार्गदर्शन स्थापना गर्न शिक्षा मन्त्रालयले केही प्रतिनिधि पालिका छनोट गर्न सक्छ । यसरी छनोट गर्दा भौगोलिक, सांस्कृतिक, भाषिक, लैंगिक, आर्थिक, सामाजिक र शैक्षिक विविधतालाई ध्यान दिइनुपर्छ । डिजिटल प्रविधि, स्मार्ट कक्षा, इन्टरनेटको प्रयोग र जेन-जीसँगको सहकार्यलाई तत्काल लागु गर्न सकिने केही पालिकामा प्रारम्भ गरियो भने यसले 'उदाहरणमार्फत नेतृत्व' (लिड बाई एक्ज्याम्पल) को नमुना स्थापित गर्नेछ । छोटो अवधिमै प्राप्त ठोस अनुभव र प्रमाणले आगामी सरकारलाई दीर्घकालीन शिक्षा नीति र सोअनुसारको पाठ्यक्रम निर्माण गर्न मद्दत गर्नेछ ।

**निष्कर्ष**

शिक्षामन्त्रीको कार्यकाल छोटो भए पनि शिक्षामा सार्थक सुधार गर्न पर्याप्त सम्भावना छ । शिक्षकका माग सम्बोधनको सुरुवात, विद्यालय व्यवस्थापनमा जेन-जीको प्रतिनिधित्व, कम्प्युटर शिक्षकका रूपमा जेन-जी नियुक्ति, प्रतिनिधि पालिकामा डिजिटल शिक्षाको प्रयोग र स्थानीय पाठ्यक्रम निर्माणजस्ता कार्यक्रम अहिले अगाडि बढाइयो भने आगामी सरकारका लागि यी मार्गदर्शक बन्नेछन् । अन्ततः यस्ता सुरुवातले नेपालको शिक्षा प्रणालीलाई समान, गुणस्तरीय र भविष्यमुखी बनाउन योगदान पुऱ्याउनेछन् ।

*-रातोपाटी डटकम*

# जेन-जी आन्दोलनमा क्षति भएका सवारी साधन खरिद गर्न ८० प्रतिशतसम्म ऋण




**काठमाडौं,** असोज १९/भदौ २३ को आन्दोलन र २४ को प्रर्दशनको क्रममा क्षति भएका सवारी साधन प्रतिस्थापनका लागि ऋण लिनुपरे सवारीको मूल्यको ८० प्रतिशतसम्म कर्जा पाइने भएको छ ।

राष्ट बैंकले परिपत्रमार्फत शुक्रबार उक्त व्यवस्था गरेको हो । 'जेन-जी आन्दोलनबाट प्रत्यक्ष रुपमा प्रभावित उद्योग तथा व्यावसायिक प्रतिष्ठानमा व्यावसायिक रुपमा प्रयोग भइरहेका सवारी तथा ढुवानीका साधन क्षति भई प्रतिस्थापन गर्न कर्जा प्रदान गर्दा ऋण मूल्य अनुपात ८० प्रतिशतसम्म कायम गर्न सकिनेछ,' परिपत्रमा भनिएको छ । हाल बैंक तथा वित्तीय संस्थाले सवारी साधन खरिद गर्न कर्जा प्रवाह गर्दासवारी साधनको ऋण मूल्यको अधिकतम ६० प्रतिशतसम्म मात्र ऋण दिन पाइने व्यवस्था छ । यस्तो अनुसार सबै प्रयोजनका विद्युतीय सवारी साधन र निजी प्रयोजनका व्यक्तिगत अन्य सवारी साधन खरिद दुवैमा लागू हुन्छ । अहिले राष्ट्र बैंकले आन्दोलनमा क्षति पुगेका उद्योगी व्यवसायी, प्रतिष्ठानलगायतलाई भने सुविधा दिएको हो ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


खेलकुद समाचार

# नेपाली महिला टोली १३ रनले पराजित




**काठमाडौं,** असोज १९/मलेशियासँगको टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शङ्खलाको तेस्रो खेलमा नेपाली महिला टोली १३ रनले पराजित भएको छ । मलेशियाले दिएको एक सय २१ रनको लक्ष्य पछ्याएको नेपालले २० ओभरमा आठ विकेट गुमाएर एक सय सात रनमात्र बनाउन सक्यो । नेपालका रुबी पोद्दारले ३१, कप्तान इन्दु बर्माले नट आउट २२ रन बनाए । मलेशियाका नुर दानिया सुहाडा र एइसा एलीसा फिरदौजले १/१ विकेट लिए । नेपालका ६ जना खेलाडी रन आउट भए । यसअघि क्वालालम्पुरको बायुमास क्रिकेट ओभलमा टस जितेर ब्याटिङ गरेको घरेलु टोली मलेशियाले २० ओभरमा चार विकेट गुमाएर एक सय २० रन बनायो । मलेशियाकी आइना हमिजाह हशिमले ६१ रन बनाइन् । नेपालकी कविता कुँवरले दुई विकेट लिए । योसँगै पाँच खेलको टी-२० शङ्खलामा मलेशियाले २-१ को अग्रता लिएको छ । शङ्खलाको पहिलो खेलमा नेपाल तीन रनले पराजित भएको थियो भने दोस्रो खेलमा ६ विकेटले विजयी भएको थियो ।


वर्गिकृत डिस्प्ले


*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस्

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

# बाढी पहिरोका कारण १३ वटा जलविद्युत् आयोजनाको उत्पादन बन्द



**पाल्पा,** असोज १९/अविरल वर्षापछि आएको बाढी पहिरोले १०५ मेगावाट क्षमताका १३ वटा आयोजनाको उत्पादन बन्द भएको छ । उत्पादन बन्द भएका सबै विद्युत् आयोजनाहरू इलाम जिल्लामा रहेका छन् । इलाममा रहेका सबैजसो जलविद्युत् आयोजनाहरूमा बाढी पहिरोले क्षति पुऱ्याएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ ।

इलामा रहेका माईखोला, माईखोला क्यासकेड, सुपरमाई, सुपरमाई 'ए' तथा त्यसको क्यासकेड, जोगमाईखोला र त्यसको क्यासकेड, तल्लो जोगमाई, माइबेनी, माथिल्लो माईखोला, माई 'सी' क्यासकेड आयोजनाको उत्पादन पूर्णरूपमा बन्द भएको छ । ती आयोजनाको इन्टेक, पावर हाउस, सबस्टेशन, हेडवर्क्स, प्रसारणलाइनलगायतमा बाढीले क्षति पुगेको छ । त्यस्तै निर्माणाधीन अवस्थामा रहेका पाँचथरको सभाखोला 'बी' र हेवाखोलामा क्षति पुगेको छ । इलाममा रहेको सिद्धिखोला तथा सिन्धुपाल्चोकका ब्रम्हायणी र अपर ब्रम्हायणी विद्युत् आयोजनामा पनि क्षति पुगेको मन्त्रालयले जनाएको छ । ती आयोजनाहरूको पनि हेडवर्क्स, एक्सेस रोड, पावरहाउसलगायतमा क्षति पुगेको छ । यस्तै सिन्धुपाल्चोक र पाँचथरका निर्माणधीन ५ वटा जलविद्युत् आयोजना पनि प्रभावित भएका छन् । ऊर्जामन्त्री कुलमान घिसिङले देशका विभिन्न भागमा १ हजार ५०० मिटर तटबन्ध कटान हुँदा १० करोड रुपैयाँ बराबरको क्षति पुगेको जानकारी दिनुभएको छ । शनिबार र शुत्रबारको अविरल वर्षासँगै देशका विभिन्न नदीनालामा आएको बाढीबाट ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका करोडौंका संरचनामा क्षति भएको प्रारम्भिक अनुमान छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई